नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

● वर्ष १ ● अंक १४२ ● २०७९ साल चैत २० गते सोमबार ● Monday 3, Apr. 2023 ● पृष्ठ ८ ● मूल्य रु. ५/-



मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:

9808835198

9807170995

9803474311

9854028218





# बन्ने भयो मधेशी सहिद लोकमार्ग

*मधेशी सहिद लोकमार्गअन्तर्गत विभिन्न रुटमा सप्तरीमा ६४, सिरहामा ४६, धनुषामा ३० र महोत्तरीमा २३, सर्लाहीमा ५१, रौतहटमा २०, बारामा ३६.८६ र पर्सामा ४० किलोमिटर सडक कालोपत्रे हुनेछ*



मधेशदृष्टि
जनकपुरधाम, १९ चैत।

दुई वर्षपछि मधेश प्रदेश सरकारले मधेशी सहिद लोकमार्ग निर्माण प्रक्रियाको कार्य अघि बढाएको छ।

आइतबार प्रदेश सरकारका भौतिक पूर्वाधार विकास मन्त्री सरोजकुमार यादवले पत्रकार सम्मेलन गरी प्रदेश सरकारले करिब ३ सय ११ किलोमिटरको मधेशी सहिद लोकमार्ग निर्माण गर्ने प्रक्रिया अगाडि बढाएको जानकारी दिए। पूर्व-पश्चिम राजमार्ग र हुलाकी राजमार्गको मध्य भागमा समेटेर सप्तरीदेखि पर्सासम्मको बीचको भूभाग जोड्ने गरी ३ सय ११ किलोमिटर दूरीसहितको मधेशी सहिद लोकमार्ग निर्माण गरिने मन्त्री यादवले जानकारी दिए। मन्त्री यादवले दुई वर्षदेखि कागजमा सीमित लोकमार्ग निर्माणका लागि रुट रेखांकन सार्वजनिक गर्दै छिट्टै मन्त्रिपरिषद्बाट पारित गरेर टेन्डर प्रक्रिया अघि बढाउन लागेको जानकारी दिए। उनले मन्त्रालयको दुई महिनाको अध्ययन र अनुसन्धानपश्चात प्रदेशकै स्वाभिमान र स्वगौरवको आयोजना रहेको मधेशी सहिद लोकमार्गको रेखांकनमा सफलता पाउने विश्वास व्यक्त गरे।

रेखांकन सर्वेका लागि टेन्टर लगाइसकिएको र सर्भे डिजाइन गरेर पेश गर्ने सम्झौता समेत भइसकेको जानकारी दिँदै मन्त्री यादवले आगामी दुई महिनाभित्र सर्भे डिजाइनको डिपिआर मन्त्रालयमा पेश गरिने तथा यस आर्थिक वर्षको अन्त्यसम्ममा मधेशी सहिद लोकमार्ग निर्माणका लागि टेन्डर गरिने दाबी गरे।

मन्त्रालयका सचिव कृष्णकुमार मिश्रले गत दुई आर्थिक वर्षदेखि मधेशी सहिद लोकमार्ग निर्माणको कार्यक्रम स्वीकृत भई कार्यान्वयन हुन नसकिरहेको अवस्थामा अन्तिम चरणमा अलाइनमेन्ट सकेर सार्वजनिक भएको बताए। उनले लोकमार्गको अलाइनमेन्ट सेलेक्सनका लागि इओआइ इबिडिङबाट सूचना प्रवाह गरी कन्सलटेन्ट हायर गरेर तीनवटा अलाइनमेन्ट बनाउन लगाइएको र तीनवटामध्ये इकोनोमिक, छोटो र सिधा अलाइनमेन्ट कार्यान्वयनका लागि मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत भई मन्त्रिपरिषद्मा लैजाने जानकारी दिए।

हुलाकी राजमार्ग र महेन्द्र राजमार्गका बीचबाट एउटा डबल लेनको बाटो निर्माण गर्न मधेशी सहिद लोकमार्गको परिकल्पना गरिएको र यसको डिपिआर बनाउने कामको सुरुवात हुने बताउँदै उनले डिपिआर निर्माणका लागि २ करोड ५० लाख रुपैयाँ बजेट छुट्याइएको जानकारी दिए।

लोकमार्ग निर्माणको कामलाई चार प्याकेजमा विभाजित गरिएको छ। सप्तरीदेखि सिरहासम्मको एउटा प्याकेज, सिरहादेखि धनुषासम्मको दोस्रो, सर्लाहीदेखि रौतहटसम्मको तेस्रो र बारादेखि पर्सासम्मको चौथो प्याकेज रहने छ।

उनले चारवटै प्याकेजमा चारवटा कन्सल्टेन्ट डिपिआर निर्माणको काममा जुटिसकेको जानकारी दिए। उनले लोकमार्गअन्तर्गत विभिन्न रुट गरी सप्तरीमा ६४, सिरहामा ४६, धनुषामा ३० र महोत्तरीमा २३ किलोमिटर कालोपत्रे सडक बन्ने जानकारी दिए। दुईलेनको सडक सर्लाहीमा ५१, रौतहटमा २०, बारामा ३६.८६ र पर्सामा ४० किलोमिटर कालोपत्रे निर्माण गरिने जनाइएको छ।

# उपेन्द्र र रमेश खरेललाई बस्नेतको कटाक्ष



मधेशदृष्टि
वीरगंज, १९ चैत।

नेकपा एमालेका नेता एवम् पूर्वमन्त्री महेश बस्नेतले जसपा अध्यक्ष उपेन्द्र यादव तीनटाउके नागका रुप धारण गरी चुनाव जित्न बारा आएको टिप्पणी गरेका छन्। वैशाख १० गते हुने उपनिर्वाचनमा बारा २ मा जसपाबाट यादवले उम्मेदवारी दिने तयारी छ।

यादवलाई कांग्रेस र माओवादी केन्द्रले समर्थन गरेका छन्। वीरगंजमा आयोजित राष्ट्रिय युवा संघ नेपालको पर्सा जिल्लास्तरीय भेलालाई सम्बोधन गर्दै एमाले केन्द्रीय सदस्य बस्नेतले नागको रुप धारण गरेर फेरि मधेशमा चुनाव लड्न आएका उपेन्द्रलाई बारा २ का जनताले सबक सिकाउने दावी गरे।

'कुनै जमानामा आफूलाई मधेशको मसिहा नै ठान्ने उपेन्द्र यादवको दलले मधेशमा सत्ता सम्हालेको ६ वर्ष बित्न लाग्दा मधेशको अवस्था झन दयनीय बन्दै गयो,' बस्नेतले भने, 'मंसिर ४ गतेको निर्वाचनमा सप्तरी-२ का जनताले सबक सिकाएर पठाएका उपेन्द्र यादवलाई अब वैशाख १० गते बारा-२ का जनताले पनि सबक सिकाउने छन्।'

बस्नेतले राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार रमेश खरेललाई पनि कटाक्ष गरे। भने, 'काठमाडौं-१ का जनताले हराएपछि चुनाव जित्न नयाँ पार्टीको खोल ओढेर मधेशमा आएका छन्।' उनले बारा-२ मा एमालेले योग्य उम्मेदवार चयन गर्ने दाबी गरे। एमाले नेता बस्नेतले एमालेविरुद्ध ११ दल एकठाउँमा उभिएको आरोप लगाउदै सरकार विस्तारमा रोजेको मन्त्रालय नपाएपछि सिके राउत र रवि लामिछानेहरु जिल्लिएको बताए।

राष्ट्रिय युवा संघ नेपाल पर्साका जिल्ला इन्चार्ज महम्मद निजामको अध्यक्षतामा भएको कार्यक्रममा नेकपा एमालेका केन्द्रीय सदस्य राजकुमार गुप्ता, जालिम मियाँ, संविधानसभा सदस्य विचारी यादव, एमाले जिल्ला संयोजक डा. विश्वम्भर शर्मा, नगर सचिव सुन्दर कुर्मी, शिव पटेल, अकलेश साह, तेजप्रकाष निषादलगायतको सहभागिता थियो।

# ससुराको सिम्बोल नम्बर, ज्वाइँ परीक्षार्थी

## पैसा दिएर 'सेटिङ'मा चिट चोरी





मधेशदृष्टि
वीरगंज, १९ चैत।

रौतहट र सिरहामा माध्यमिक परीक्षा अमर्यादित देखिएको छ। रौतहटमा मेयरको परीक्षा दिँदादिँदै नाताले ज्वाइँ पर्ने परीक्षार्थी पक्राउ परेपछि बदमासी बाहिरिएको छ। सिरहामा गणित विषयको परीक्षामा सरोकारवाला निकायले सेटिङ गरेर चिट चोराएको पाइएको छ।

निजी विद्यालयहरुले सरोकारवाला निकायसँगको आर्थिक सेटिङमा चिट चोराएको पाइएको हो। जनता माध्यमिक विद्यालय सोनमती गाढा, लहान १९ सेन्टरमा व्यापक मात्रामा चिट भेटिएको छ। गणित विषयको परीक्षा सकिएलगत्तै पुगेका सञ्चारकर्मीको समूहले कक्षाकोठामा यत्रतत्र फालिएको अवस्थामा चिट फेला पारेको हो। केन्द्राध्यक्ष अरविन्द कुमार दासले कक्षा कोठामै केही विद्यार्थीले चिट बनाएको पाइएको बताए। भने, 'बाहिरबाट कुनै चिट आएको छैन, मेयरहरु अनुगमनक्रममा आएकै बेला दुई जना विद्यार्थीले फ्ल्याप समेत तयार पार्दै गरको पाइएको थियो, उनीहरुलाई नियन्त्रणमा राखेर कारबाही सिफारिस भएको छ।'

परीक्षा केन्द्रमा जनता माध्यमिक विद्यालय गोर्छारी, एपालो इङ्गलिस बोर्डिङ स्कुल, मनोकामना इङ्गलिस बोर्डिङ स्कुल, प्यारागन इङ्गलिस बोर्डिङ स्कुल, शारदा आवासीय माध्यमिक विद्यालय, मोडर्न आदर्श स्कुल र नेशनल एकेडेमीका परीक्षार्थी सहभागी थिए। यहाँ दुई सय २४ विद्यार्थीले परीक्षा दिइरहेका छन्। ६ वटा कक्षा कोठा प्रयोग गरेर लिइरहेको परीक्षामा ११ गार्ड प्रयोग गरिएको केन्द्राध्यक्ष दासले जानकारी दिए।

त्यसैगरी, नरहा-४ स्थित जनता वनबाली उच्च माध्यमिक विद्यालय बर्छबाको परीक्षा केन्द्रमा पनि केन्द्राध्यक्ष रामईश्वर यादवले बोर्डिङ स्कुलका विद्यार्थीलाई आफैँले मोबाइल दिने गरेको पाइएको छ। सिरहा प्रशासनले एसइइ परीक्षा मर्यादित बनाउन मोबाइल प्रवेश निषेध गरे पनि जिल्लाका विभिन्न परीक्षा केन्द्रमा निजी विद्यालयको आर्थिक सेटिङमा मोबाइल र फ्ल्यापका माध्यमबाट चिट चोरी व्यवस्थित पारिएको छ।

केन्द्रमा जिल्लामा नाम चलेका निजी विद्यालयहरु सिराहा पब्लिक, बुढानिलकण्ठ, बालविकास आवासीय, द डायनामिक सेकेन्ड्री र दुई समुदायिक विद्यालयका परीक्षार्थी सहभागी छन्। उसो त गोलबजार-८ स्थित जनता माध्यमिक विद्यालय चोहर्वा, जनता माध्यमिक विद्यालय गोलबजार-९ डण्डा, सरस्वती

*- बाँकी पृष्ठ ६ मा*

### मेयरका ज्वाइँ पक्राउ

गरुडा। रौतहटको मौलापुर-५ स्थित लक्ष्मीनिया माध्यमिक विद्यालयमा आइतबार भएको दोस्रो दिनको परीक्षामा नक्कली परीक्षार्थी पक्राउ परेका छन्। गरूडा नगरपालिका-६ का कमल साह केन्द्रको कोठा नम्बर ९ बाट पक्राउ परेका हुन्। श्री माध्यमिक विद्यालय लक्ष्मीनिया मौलापुरका एसइइ विद्यार्थी प्रेमलाल साह कानुका सट्टा परीक्षा दिइरहेको अवस्थामा कमललाई प्रहरीले पक्राउ गरेको हो। परीक्षार्थी कानु रौतहटकै देवाही गोनाही नगरपालिकाका नगर प्रमुख प्रेमलाल साह हुन्। नियमिततर्फ सिम्बोल नं. ३५०३७२८ का विद्यार्थीको सट्टा परीक्षा दिँदै गरेका साह मेयरका ज्वाइँ हुन्। उनी ससुराका सट्टा परीक्षा दिइरहेका थिए। जिल्ला प्रहरी कार्यालय रौतहटका निमित्त सूचना अधिकारी प्रहरी निरीक्षक दिनेश बहादुर कुँवरले कमल पक्राउ परेको र आवश्यक अनुसन्धान भइरहेको बताए।


LIMPID ICT

## JOBS DESCRIPTION :

Closely work with L1 technical support to resolve customer end technical issues with designated SLA Train.
Monitoring and administrating network (Switches, Firewall, Routers, Wireless equipment) and server
Provide on the job technical training to L1 technical support. Work closely with Systems/Network troubleshooting team in order to resolve complex support issues needing multidiscipline approach.
Responsible for coordinating with field operations team (onsite team) in resolving technical issues requiring field support.
Responsible for communicating field/network/systems incidents updates received from different sources to General support and L1 Technical Support.
Responsible for resolution of technical issues of all the customers.
Demonstrates the ability to lead, communicate and champion Dish Home Principles and Standard Operating Procedures.
Provides coaching and training ton performance expectations.

**JOB SPECIFICATION**
Completed Bachelor's degree in IT faculty (BE, BSC.CSIT, BIT) or running last semester.
Non-technical (B.B.S) background with 2 years of experience in related field.
Intermediate (HSEB) with 5 years of experience in related sector.
Working knowledge on Customer Support Department.
Familiar with the ISP industry.
Excellent interpersonal and communication skills.
Proficient in Microsoft Office.

jobs title : L2 support engineer
experience : 4-5 years (in related field)
No. of Positions : 2-3
Department : Technical support , customer services & operations
Role : Technical support
Employment Type : full time, permanent
Education : Bachelor in related field

**Duty staion : LIMPID ICT SOLUTION PVT. LTD. JANAKPUR**

**Applying Instruction:**
Interested candidates meeting mentioned criteria are requested to send their resume at limpid.ict.solution@gmail.com or dipeshsah@limpid.net.np
contact no : +9779801671593

# यतिसम्म गर्छन् जनप्रतिनिधि र कर्मचारीले भ्रष्टाचार

मधेशदृष्टि
बारा, १९ चैत । देवताल गाउँपालिकामा जनप्रतिनिधि र कर्मचारीको सहभागितामा करोडौं रुपैयाँ बराबरको आर्थिक अनियमितता भएको छ । अघिल्लो कार्यकालका गाउँपालिका अध्यक्ष चन्दनकुमार सिंह, उपाध्यक्ष रामपति देवी महतो र तत्कालीन प्रमुख प्रशासकीय अधिकृत सिकिन्द्रप्रसाद साहको मिलेमतोमा करोडौं रुपैयाँ अनियमितता भएको पाइएको हो ।

आर्थिक वर्ष २०७७/७८ मा पालिकाले विभिन्न शीर्षकमा कामै नगरी कागजी प्रक्रिया पूरा गरेर विभिन्न शीर्षकमा अनियमितता गरेको छ । वृक्षारोपण कार्यक्रममा रुख नै नरोपी १० लाख रुपैयाँ हिनामिना गरिएको खुलेको छ । पालिकाले अर्जुन, सगुन, मोहगनी, निम, जामुनसहित ६ किसिमका बिरुवा खरिद गरेको भन्दै पशुपति एग्रो फरेस्ट्रीलाई ४ लाख ९० हजार रुपैयाँ भुक्तानी गरेको छ ।

त्यसैगरी प्रतिबाँस ३ सय रुपैयाँका दरले २ लाख ९४ हजार रुपैयाँमा ९ सय ८० थान बाँस किनेको भन्दै रकम भुक्तानी गरिएको छ भने वडा नम्बर ३ मा वृक्षारोपण शीर्षक अन्तर्गत रकम खर्च गरिएको छ । तर, फाइल हेर्दा वडा नम्बर २, ३, ५ र ७ मा वृक्षारोपण गरिएको भन्दै रकम खर्च भएको देखाइएको छ । ३ हजार ६ सय ५० विरुवा वितरण गर्ने भनिएकामा १ हजार ८ सय ७० बिरुवा वितरण गरेको भपाई मात्र सक्कल फाइलमा संलग्न छ । फाइलमा त्यस्तो लेखिएको भए पनि वास्तवमा कहीँ कतै बिरुवा वितरण वा वृक्षारोपण नभएको गाउँपालिकाकै कर्मचारीले बताए । 'राष्ट्रिय सतर्कता केन्द्रको छानबिन टोलीले पनि स्थलगत आएर निरीक्षण तथा अनुगमन गरेको थियो,' ती कर्मचारीले भने, 'कुनै पनि ठाउँमा बिरुवा वितरण गरिएको छैन । राष्ट्रिय सतर्कता केन्द्रको टोलीले गरेको स्थलगत छानबिनमा पनि वृक्षारोपण नगरी रकम खर्चिएको तथ्य फेला परेको थियो ।' वृक्षारोपण बापत १० लाख रुपैयाँ खर्च देखाइएको छ । काम नै नभए पनि कागजी प्रक्रिया मिलाएर अनियमितता गरिएको हो । पालिकाले दररेट, कोटेसन केही नमागी सोझै ९ लाख ४० हजार ३ सय रुपैयाँमा जेनेरेटर खरिद गरेको छ । २०७८ असार ३२ गते विराटनगरको केशरी चन्द भवरलाल बरगाछीबाट सोझै ९ लाख ४० हजार ३ सय रुपैयाँमा ३० केभीको एक थान जेनेरेटर खरिद गरिएको थियो । कुनै पनि सामग्री खरिद गर्नुभन्दा पहिले खरिद आदेश सम्बन्धी प्रक्रिया पूरा गर्नुपर्ने हुन्छ । तर, प्रक्रिया पूरा नगरी सोझै डिलरमा पुगेर जेनेरेटर खरिद गरिएको छ ।



तत्कालीन अध्यक्ष चन्दनकुमार सिंह र उपाध्यक्ष रामपति देवी

१८ शीर्षक परिवर्तन गरेर २८ लाख खर्च
गाउँपालिकाको कार्यालयले बजेटको साधारण खर्चमध्ये अधिकतम २५ प्रतिशतसम्म पुजीगत बजेटमा रुपान्तरण गरी खर्च गर्न सक्ने व्यवस्था छ । पुजीगत बजेटलाई भने साधारण खर्चमा परिवर्तन गरी खर्च गर्न नसक्ने प्रावधान छ । तर, पालिकामा पुजीगत बजेटको १८ वटा शीर्षकको रकम साधारण खर्चमा परिवर्तन गरी खर्च गरेको छ ।

कर्मचारीको पारिश्रमिक शीर्षकको रकम इन्धनमा खर्च गरिएको छ भने पदाधिकारीको बैठक भत्ता शीर्षकबाट स्टेसनरी, फर्निचर, ल्यापटप खरिद शीर्षकमा खर्च गरिएको छ । पोशाक शीर्षक अन्तर्गतको रकम परिवर्तन गरी कार मर्मत, मोटरसाइकल मर्मतलगायत अन्य शीर्षकमा खर्च गरिएको छ ।

जग्गाप्राप्ति शीर्षकको रकम जग्गा प्राप्तिमै खर्च गर्नुपर्नेमा कृषि मोटर किन्ने कार्यमा खर्च गरिएको छ । ५० प्रतिशत किसानको लगानी तथा ५० प्रतिशत गाउँपालिकाको अनुदान भनी पालिकाले २०७८ वैशाख १५ गते ९ लाख ९४ हजार रुपैयाँमा ४४ थान मोटर खरिद गरेको थियो । मोटर खरिद गर्दा न टेन्डर आह्वान गरिएको थियो, न कोटेसन नै माग गरिएको थियो । बिना कुनै प्रक्रिया सिधा खरिद गरिएको ४४ थान मोटरमध्ये ८ वटा मोटर मात्र किसानलाई वितरण गरिएको थियो । बाँकी ३६ थान मोटर न त वितरण गरियो, न त पालिकामा छ ।

ती मोटर कहाँ छन् त्यसको कुनै अभिलेख कार्यालयमा छैनन् ।

त्यसैगरी ४० थान पम्पसेट कृषकलाई वितरण गर्ने भनेर २५ हजार रुपैयाँको दरले १० लाख रुपैयाँ खर्चिएर पालिकाले पम्प सेट खरिद गरेको थियो । पालिकाको अभिलेखमा ३६ थान पम्पसेट कृषकलाई वितरण गरिएको अभिलेख भएपनि ४ थान पम्पसेटको कुनै अभिलेख रहेको छैन ।

बहुपक्षीय पोषण शीर्षक अन्तर्गत ४ लाख ९९ हजार ९ सय ८५ रुपैयाँ खर्च गरिएको छ । १ हजार २ सय २७ जनालाई ४ केजीको दरले चना वितरण गर्ने भनी ५ हजार २ सय ७३ किलोग्राम चना ४ लाख ९९ हजार ९ सय ८५ रुपैयाँमा खरिद गरिएको थियो । ४ हजार ९ सय ८ किलोग्राम चना वितरण गरिएको अभिलेखमा उल्लेख गरिएको भए पनि ३ सय ६५ किलोग्राम चनाको कुनै हिसाब छैन ।

पालिकाले इन्धन खर्चमा चरम दुरुपयोग गरेको पाइएको छ । पालिकाले कलैयाको राजकुमार आयल इम्पोरियमलाई गरेको इन्धन भुक्तानीको विवरण हेर्दा इन्धनमा व्यापक अनियमितता भएको देखिन्छ । गाउँपालिका अध्यक्षले आफ्नो गाडीका लागि दैनिक ५५ लिटर तेलको कुपन काटेर भुक्तानी गरेको छ । पेट्रोल पम्पले दिएको बिलमा मेयरको फोन आदेशबाट, मौखिक आदेशबाट इन्धन दिएको उल्लेख छ ।

पेट्रोल पम्पले पेश गरेको बिलमा 'मेयर साबके फोन से', 'हाकिम साबके फोन से', 'लेखापालके फोन से' भन्ने उल्लेख छ । यसरी कुपन नै नकाटिएको तथा फोनकै आदेशको भरमा उधारो बिल पेश गरी भुक्तानी गरिएको पाइएको छ ।

२०७८ वैशाख महिनामा मात्र १ हजार ४ सय १० लिटर डिजेल र १ हजार ८ सय ८२ लिटर पेट्रोल गरी ३ लाख ७२ हजार १ सय ४६ रुपैयाँ पेट्रोल पम्पलाई भुक्तानी गरिएको छ । २०७८ जेठ महिनामा ६ लाख १ हजार ५ सय ९९ रुपैयाँ इन्धनबापत भुक्तानी गरिएको छ । पालिकाअन्तर्गतका विभिन्न स्वास्थ्यचौकी अनुगमन गर्ने नाममा पदाधिकारी तथा कर्मचारीसहित ११ जनाले जनही ५० हजार रुपैयाँका दरले ५ लाख ५० हजार रुपैयाँ बुझेका छन् । २ हजार रुपैयाँ प्रतिदिनका दरले २५ दिन अनुगमन गरेको भन्दै भत्ता एक आपसमा बाँडिएको छ ।

विभिन्न योजनालाई ५९ टुक्रा बनाएर ५९ लाख ७४ हजार २ सय २ रुपैयाँ खर्च गरिएको छ । ५ लाख रुपैयाँको सीमा ननाघ्ने गरी ५९ टुक्रा पारेर रकम खर्च गरिएको थियो ।

फर्निचर तथा फिक्सर्स शीर्षकअन्तर्गत ५९ टुक्रा पारेर सोफा सेट, पर्दा, टेबल, अफिस डेकोरेसन आदिका सामानहरू खरिद गरिएको थियो । ५९ लाख ७४ हजार रुपैयाँ खर्च गर्दा टेन्डर आह्वान अथवा सूचिकृत संस्थाहरूबाट दररेटसहितको कोटेसन माग गरी खरिद गर्नुपर्ने प्रक्रिया छल्नका लागि त्यसरी ५९ टुक्रामा योजना बाँडिएको थियो । कर्मचारी आफैँले दररेट पेश गरेर बिल समेत पेश गरी भुक्तानी गरेका छन् ।

मेसिनरी तथा औजार शीर्षकको रकमबाट पालिकाका पदाधिकारीदेखि कर्मचारीसम्मले मनपरी तरिकाले ७० लाख रुपैयाँको मोबाइल खरिद गरेको पाइएको छ । एकैवर्षमा त्यति रकमको मोबाइल खरिद गरिएको भेटिएको हो ।

अध्यक्ष तथा उपाध्यक्षले आफ्ना लागि एक वर्षमा १०-१० थानसम्म मोबाइल गरेको पाइएको छ । कतिसम्म गरिएको छ भने प्रमुख प्रशासकीय अधिकृतले १ वर्षअघि नै किनेको मोबाइलको बिल पेश गरेर भुक्तानी लिएका छन् ।

# महोत्तरीबाट एक परीक्षा निरीक्षक पक्राउ

मधेशदृष्टि
महोत्तरी, १९ चैत ।
महोत्तरीको लोहारपट्टी नगरपालिका ७ स्थित रामदेव जनता माध्यमिक विद्यालयमा गार्डका रुपमा खटाइएका एक परीक्षा निरिक्षकलाई पक्राउ गरिएको छ । एसइईको दोस्रो दिन गणित विषयको परीक्षामा ह्वाट्सएपबाट प्रश्नपत्र बाहिर पठाएर उत्तर रिसिभ गरेको भेटिएपछि निरिक्षक विक्रमकुमार महतोलाई प्रहरीले अनुसन्धानका लागि पक्राउ गरेको जनाइएको छ ।प्रमुख जिल्ला अधिकारी दिपककुमार पहाडी र जिल्ला प्रहरी कार्यालयका प्रमुख एसपी प्रकाश मल्लसहितको अनुगमन टोलीले परीक्षा मर्यादाविपरीत कार्य गर्दै गर्दा उनलाई पक्राउ गरेको हो । सोहि विद्यालयमा खटाइएका अर्को एक गार्डलाई ड्युटीबाट हटाइएको छ ।

प्रजिअसहितको अनुगमन टोलीले जिल्लाको पिपरा, रतौली, भ्रमरपुरा र महोत्तरीस्थित परीक्षा केन्द्रहरु अनुगमन तथा निरीक्षण गरेको थियो । सबै केन्द्रमा चिट चोरीको अवस्था फेला परेको थियो । प्रजिअ पहाडीले परीक्षा अझै मर्यादित नभएको बताउँदै परीक्षार्थी, केन्द्राध्यक्ष, गार्ड र परीक्षामा खटाइएका कर्मचारीसहित सरोकारवाला सबैलाई थप जिम्मेवार हुन आग्रह गरेका छन् । पक्राउ परेका शिक्षक महतो तीन वर्षदेखि सोहि विद्यालयमा प्राविं तहका स्थायी शिक्षक हुन् । उनीमाथि परीक्षा संचालन निर्देशिका र मापदण्डका आधारमा कारवाही हुने प्रजिअ पहाडीले बताएका छन् ।

यसै बिच महोत्तरी जिल्लाको औरही नगरपालिका २ औरही स्थित श्री प्रसाद सिंह माबि विद्यालय औरहीमा परीक्षामा अमर्यादित कार्य गरेको भन्दै १ जना परीक्षार्थीलाई निष्कासन गरिएको छ । महोत्तरी जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारी उपेन्द्र न्यौपाने र शिक्षा विकाश तथा समन्वय इकाईका प्रमुख भरत बाबु सुवेदीको नेतृत्वमा गएको अनुगमन टोलीले आइतवार एसईईको दोस्रो दिन अनिवार्य गणित विषयको परीक्षामा मोबाइल मार्फत चिट चोरी गरिरहेको फेला परेपछि उनलाई निष्काशन गरिएको जनाइएको छ । अनुगमन टोलीले परीक्षामा मोबाईल कसैको छ भनेर भने पछी सो बिधार्थीले आफ्नो मोबाईल निकालेर दिएपछी विद्यार्थीले मोबाईलको इमो एप्स मार्फत प्रशन पत्र बाहिर निकालेको प्रयोग गरी परीक्षाको मर्यादा विपरीत कार्य गरेको भन्दै उनलाई निष्कासन गरेको हो । परीक्षार्थीको चरित्र हनन् हुन सक्ने भनेर अनुगमन टोलीले ती विद्यार्थीको नाम खोल्न चाहेका छैनन् ।

# ट्र्याक्टर दुर्घटनामा एकको मृत्यु

मधेशदृष्टि
सप्तरी, १९ चैत ।
ट्र्याक्टर दुर्घटनामा परी सप्तरीमा एक युवकको घटनास्थलमै मृत्यु भएको छ ।मृत्यु हुनेमा जिल्लाको बोदेबरसाइन नगरपालिका वडा नम्बर-१ बस्ने ट्र्याक्टर चालक २२ वर्षीय पंकज यादव रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

बोदेबरसाइन-३ स्थित सारस्वरको पुर्वारीटोलस्थित भित्री सडकमा सारस्वरबाट धनगढीतर्फ जाँदै गरेको प्र २०१००१ त २५१७ नम्बरको ट्र्याक्टर आफैं अनियन्त्रित भई दुर्घटना हुँदा पंकजको घटनास्थलमै मृत्यु भएको जिप्रका सप्तरीले जनाएको छ ।मृतकको शव पोष्टमार्टमका लागि राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पताल पठाइएको तथा घटना सम्बन्धमा थप अनुसन्धान कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायव उपरीक्षक नरेशकुमार सिंहले जानकारी दिएका छन् ।


(नेपाल सरकार सहकारी ऐन २०४८, बमोजिम स्थापित संस्था) दर्ता नं.४०९/०६७/०६८

जनता सहयोगी बचत तथा ऋण सहकारी संस्था लि.
JANTA SHAYOGI SAVING & CREDIT CO-OPERATIVE LTD.
पजियार भवन, भानुचोक, जनकपुरधाम-२, धनुषा

चलानी नं. २८
पत्र संख्या ०७९/८०
मिति २०७९/१२/१९

कर्मचारी आवश्यकता सम्बन्धी सूचना
प्रथम पटक प्रकाशित मिति २०७९/१२/१९

यस जनता सहयोगी बचत तथा ऋण सहकारी संस्था लि.को संचालक समितिको बैठक नं.०५० मिति २०७९/१२/१० को निर्णय अनुसार यस संस्थाका लागि निम्नानुसारको पद तथा तहमा जनशक्तिको आवश्यकता परेको हुँदा तपसिल अनुसारको योग्यता भएका इच्छुक व्यक्तिहरुबाट आवश्यक कागजात साथ दरखास्त आह्वान गरिन्छ ।

तपसिल

| विज्ञापन नं. | पद | तह | आवश्यक संख्या | न्यूनतम योग्यता |
| --- | --- | --- | --- | --- |
| ०१/२०७९/०८० | लेखा सहायक | चौथो (४) | १ (एक) | प्रविणता प्रमाण पत्र तह वा +२ उत्तीर्ण; कम्प्युटर ज्ञान भएको |
| ०२/२०७९/०८० | कनिष्ठ सहायक | तेस्रो (३) | १ (एक) | प्रविणता प्रमाण पत्र तह वा +२ उत्तीर्ण; कम्प्युटर ज्ञान भएको |
| ०३/२०७९/०८० | फिल्ड सहायक | तेस्रो (३) | १ (एक) | प्रविणता प्रमाण पत्र तह वा एस.ई.ई. उत्तीर्ण; सामान्य कम्प्युटर ज्ञान भएको |
| ०४/२०७९/०८० | कार्यालय सहायक | श्रेणी विहिन | १ (एक) | प्रविणता प्रमाण पत्र तह वा ८ उत्तीर्ण; सामान्य कम्प्युटर ज्ञान भएको |

थप जानकारी
१. आवश्यक कागजात: निवेदक व्यक्तिगत विवरण (CV), नागरिकता प्रमाणपत्रको प्रतिलिपि, दि.मि. साइजको फोटो, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, तालिम तथा अन्य केही भएमा सोको प्रमाणपत्रको प्रतिलिपि ।
२. दरखास्त दिने स्थान: संस्थाको कार्यालय, पजियार भवन, भानुचोक, जनकपुरधाम-२ स्टेशन रोड, धनुषा
३. दरखास्त दिने अन्तिम मिति : २०७९/१२/३० गते बेलुका ५ बजे सम्म । आवेदन फारम पेश गर्ने अन्तिम मितिमा बिदा पर्न गएमा सो मितिको भोलिपल्ट आवेदन पेश गरि सक्नु पर्नेछ ।
४. तलब भत्ता तथा अन्य सेवा सुविधा : यस संस्थाको नियमानुसार हुनेछ ।
५. छनौट प्रक्रिया: प्रस्तुतिकरण र अन्तर्वार्ता ।
६. कुनै किसिमको फौजदारी अभियोग नलागेको र नैतिक पतन समेत नदेखिने ।
७. आवेदन दस्तुर रु.२००/-(अक्षरेपी दुई सय मात्र) लाग्नेछ ।
८. कर्मचारी भर्ना सम्बन्धी सम्पूर्ण अधिकार यस संस्था निहित हुनेछ ।
९. छनौट भएका उम्मेदवारहरुले यस संस्थाको तोकिएको सेवा केन्द्रको कार्यालयमा रही काम गर्नुपर्नेछ ।
१०. यस विज्ञापनमा नखुलेका कुराहरु यस संस्थाको निर्णय अनुसार हुनेछ ।

संयोजक
पदपूर्ति समिति
जनता सहयोगी बचत तथा ऋण सहकारी संस्था लि.
पजियार भवन, भानुचोक, जनकपुरधाम-२ (धनुषा)
०४१-५१००४८/९८४४०२८४३६/९८१२११०००१


# उपेन्द्र उम्मेदवार बन्नु जनमतको अपमान : डा. राउत

मधेशदृष्टि
बारा, १९ चैत ।
जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले बारा २ को उपनिर्वाचनमा जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव उम्मेदवार बन्नु जनताले दिएको जनमतको अपमान हुने बताएका छन् ।

बारा- २ मा आयोजित पार्टीको कार्यक्रममा उनले ४ मंसिरको चुनावमा पराजित व्यक्ति उपनिर्वाचनमा उम्मेदवार बन्नु जनमतको अपमान हुने भने । '



भर्खरै पराजित भएर आएको हुनाले यति चाँडो संसदमा जानुहुँदैन, त्यसो गर्नु भनेको जनताले दिएको मतको अपमान हो', डा. राउतले भने, 'जनताले पनि यो बुझेका छन् । कुनैपनि हालतमा उहाँको यो षडयन्त्रलाई जनताले सफल हुन दिँदैनन् ।'

यसअघि जितेको ठाउँमा उपेन्द्रले आफ्नो साख जोगाउन नसकेको भन्दै उनले बारा- २ का जनताले बाहिरका मान्छेलाई नजिताउने दाबी गर्दै 'यो भन्दा अगाडि जहाँ जित्नुभएको थियो ।

त्यो ठाउँमा त साख जोगाउन सक्नुभएन, दोब्बर मतान्तरले पराजित भएर भाग्नुपर्‍यो' डा. राउतले भने ।

राउतले भने सप्तरीको जुन ठाउँबाट उहाँ हार्नु भएको त्यहाँ त उहाँके मेयर थियो । तरपनि केही चलेन भने यहाँ भन्नु के चल्ने हो । उहाँ बाहिरबाट आएको उम्मेदवार हुनुहुन्छ । यहाँको मान्छेले यहीको उम्मेदवार खोजेका छन् ।'

जनमत पार्टीका नेताको स्वच्छ छवि, सरकार र सदनमा देखाएको सक्रियता, यसअघि गरेको किसान आन्दोलनले गर्दा उपनिर्वाचनमा आफूहरुले जित्ने उनले दाबी गरे ।

## ☎☎ महत्वपूर्ण टेलिफोन नम्बरहरु ☎☎

**धनुषा (०४१)**

| | |
| --- | --- |
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
| --- | --- |
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
| --- | --- |
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
| --- | --- |
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
| --- | --- |
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
रोकिएका काम पुनः सुरु हुन सक्छन् । जोशजाँगर र उमङ्ग बढ्नेछ । वैदेशिक कार्य अघि बढ्नेछ । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ ।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
धार्मिक कृत्यमा सहभागी बन्नु पर्नेछ । आफन्तको प्रगतिमा मन रमाउनेछ । नयाँ कार्यको अवसर मिल्नेछ । जोशजाँगर पनि बढ्नेछ ।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
मन भावुक र उत्ताउलो बन्नेछ । अनावश्यक ठाउँमा धन खर्च हुनेछ । जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । सरकारी निकायको भय पनि रहला ।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
पारिवारिक साथ सहयोगले उल्लेख्य कार्य सम्पादन हुने देखिन्छ । विपरित वर्गबाट विशेष सहयोग मिल्नेछ । जोशजाँगर र हिम्मत बढ्नेछ ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
कुनै कुराले मन निक्कै प्रसन्न हुन सक्छ । गरेका कामबाट राम्रै लाभ हुनेछ । दैनिक कार्यमा प्रगति हुनेछ, तर स्वास्थ्यप्रति सजग रहनुहोला ।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आज मिष्ठान्न भोजनको अवसर मिल्नेछ । सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । आफूले अरुलाई प्रभावित पारेर काम बन्नेछ ।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
आज निर्णय कार्यान्वयन हुन सक्दैनन् । आत्मबलमा कमी आउनेछ । मनमा दुबिधा उत्पन्न हुनेछ, तर शुभ र नयाँ कार्यको योजना बन्नेछ ।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । बन्धु बान्धवबाट सहयोग मिल्नेछ । सामाजिक कार्यमा सफलता मिल्नेछ । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । शत्रु पराजित हुनेछन् । वित्तिय संस्थाबाट सहयोग पाइनेछ, तर स्वास्थ्यप्रति सजग रहनुहोला ।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
शुभकार्यको चर्चा चल्नेछ । आँटेको र ताकेको कार्य पुरा होला । आदर्श व्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । पढाइमा प्रगति नै हुनेछ ।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
लाभहानी, आयव्यय, सुखदुःख बराबरी खालको समय छ । धार्मिक कार्यमा रुचि रहनुका साथै सामाजिक पदप्रतिष्ठा प्राप्त हुने देखिन्छ ।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आज प्रेमीको सहयोग पाइनेछ । नजिकको मित्रसँग भेटघाट हुनेछ । परिवारको साथ सहयोग मिल्नुका साथै यात्राका योग पनि देखिन्छन् ।

## सम्पादकीय

# अमर्यादित एसइइ र जनप्रतिनिधिकै बदमासी

रौतहट, देवाहीगोनाही नगरपालिकाका मेयर प्रेमलाल साह कानु एसइइ परीक्षाका कारण विवादमा पर्नु भएको छ। आइतबारको परीक्षामा उहाँका नाममा परीक्षा दिने नक्कली परीक्षार्थी पक्राउ परेपछि मेयर साब एसइइ दिँदै गरेको तथ्य फेला परेको हो । पढ्नलाई उमेरले रोक्दैन, सबैले समयमा पढ्न पाएका पनि हुन्नन् । पढ्ने आँट गर्नेहरुलाई हौसला दिनु पर्छ । पढ्नलाई उत्साहित गर्नुपर्छ । शिक्षाको ज्योतिले सबैको जीवन उज्यालो बनोस् भनेर राज्यका तीनै तहले ठूलो धनराशी शिक्षामा खर्च गरेका छन् ।

अर्कातिर गुणस्तरीय शिक्षाका नाममा निजीक्षेत्रले शिक्षालाई व्यापार नै बनाएको छ । यस्तो अवस्थामा शिक्षा मौलिक हक भनिए पनि व्यापारसँग पनि जोडिएको छ । तर एसइइ परीक्षामा मेयरसाब भने बदमासीसँग जोडिनु भएको छ । उहाँका नाममा परीक्षा दिइरहेका गरुडा-६ पोठीयाहीका कमल साह कानु पक्राउ पर्नु भएको छ । मौलापुर नगरपालिका अन्तर्गत लक्ष्मिनिया मावि परीक्षा केन्द्रमा मेयर कानुका सट्टा एसइइ परीक्षा दिइरहेका साह मेयरसाबकै ज्वाइँ भएको पाइएको छ । पेसाले इन्जिनियर तथा मेयरका साबका ज्वाइँ साह पक्राउको प्रहरीले पनि पुष्टि गरेको विषय हो ।

हरेकपटक तराइ मधेशको परीक्षा विवादित हुने गरेको छ । खासगरी परीक्षार्थीलाई चिट चोराउने, प्रश्नपत्र बाहिरिने र परीक्षा केन्द्रमा संलग्नहरु नै यसमा दोषी देखिइने गरेका छन् । गुणस्तरीय शिक्षाका नाममा नेपालमा परीक्षा, लोकसेवा परीक्षालाई मापन गरिन्छ । ३ सय ६५ दिनको वर्षमा अरु जे जे भए पनि परीक्षा दिनेबेला चैँ घोकेर नै पढेका विषयलाई लेखनीमा उतार्नु पर्छ । परीक्षा केन्द्रमा प्रवेश गरेपछि कण्ठ गरेका विषय नै प्रश्नहरुको उत्तर बनाएर परीक्षार्थी अब्बल देखिनु पर्छ ।

परीक्षाफल प्रकाशन हुँदा यही ३ घण्टामा लेखेका आधारमा नै नतिजा आउने भएका पढाइको विकल्प छैन । परीक्षाको विकल्प पनि पढाइ हो । सबै पुस्तक पढेर कण्ठस्थ पार्नु पर्छ । यो विषयलाई धेरै लम्ब्याउनु पर्ने पनि होइन । तर पटकपटक सहजै चिट चोराउने काम उद्योग नै बनेको छ तराइ मधेशमा । मर्यादित, अनुशासित र व्यवस्थित परीक्षा सञ्चालनमा शिक्षामन्त्री, सिडिओ साब, परीक्षाका केन्द्राध्यक्षहरुले मिठा वाचा गरे पनि पूरा नभइरहेको समाचार र दृश्यहरु हामीले बरोबर पस्किरहेका छौँ । जुन गर्न नपरे हुन्थ्यो भनेर वकालत पनि गरिरहेका छौँ ।

सिरहामा पनि गणित विषयको चिट चोराइएको खबर आयो । यता मेयर साब आफैँ आफ्ना ज्वाइँलाई परीक्षार्थी बनाएर एसइइ पास गर्ने सपनामा हुनुहुन्थ्यो । यी सबै घटनाक्रमहरुले के भन्छ भने, परीक्षा मर्यादित छैन । कहीँ न कतै सर्वसाधारणको होइन, उच्च तहबाटै परीक्षाको नियम उल्लंघन भइरहेको छ । शिक्षाका नाममा व्यापार, बदमासी, काइते, किर्ते काममा जनप्रतिनिधि पनि जोडिएका छन् ।

फगत शैक्षिक प्रमाणपत्र बटुल्ने होडमा सार्वजनिक पद धारण गरेका व्यक्तिहरु पनि यसरी बदमासी र झूट काम गर्छन् भने इमानदार भएर गरिबका छोराछोरीले मात्रै पढिदिनु पर्ने हो र ? उनीहरुले मात्र इमान देखाउनु पर्ने जमाना हो र ? यो बदमासीको क्षतिपूर्ति के हुन सक्छ ? सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको अपराधलाई हामीले टुलुटुलु हेरिरहनु पर्ने हो र ? लोकलज्जाको विषयमा थोरै पनि ख्याल नगर्ने सार्वजनिक पद धारण गरेका व्यक्तिहरुलाई हामीले भन्ने के यो भन्दा ?

## ✍ लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ । मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ । पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं । लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ । हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

# नेताले ठगेको मधेश



– खगेन्द्र कर्ण

२००७ सालको क्रान्ति सफल भएलगतै मधेशमा पनि हकअधिकारको खोजी सुरु भएको थियो । त्यति बैलै मधेश मुद्दामा चित्त नबुझेर कांग्रेसबाट छुट्टिएका असन्तुष्ट समूहले 'तराई कांग्रेस' स्थापना गरेका थिए, जसको नेतृत्व वेदानन्द झाले गरेका थिए । त्यो दशकमा मधेश केन्द्रित राजनीति गर्ने अर्को व्यक्ति थिएः रघुनाथ ठाकुर । तत्कालीन मोरङ र हालको सुनसरी जिल्लामा उनको जन्म भएको थियो । २०१३ सालमा मधेश जनक्रान्ति नामक दल गठन गरेका थिए । मधेशमा मधेशीको सुशासन उनको दलको प्रमुख माग थियो । राणाविरुद्धको क्रान्तिको नेतृत्व गरेको दल थियो नेपाली कांग्रेस, जसको प्रमुख लक्ष्य नेपाली राष्ट्रियता र राज्यलाई लोकतान्त्रिक तवरले समावेशी अहिंसात्मक र उदार बनाउनु थियो ।

कांग्रेसले एक राष्ट्रियस्तरको लोकतान्त्रिक र समावेसी पार्टीको छवि बनाएको थियो । २०१५ सालको पहिलो आम निर्वाचनमा मधेशी केन्द्रित राजनीतिको उभार ल्याउन नखोजेको होइन । तराई कांग्रेस पार्टीले २१ निर्वाचन क्षेत्रमा उमेदवारी दिएका थिए । मधेशी बाहुल्य जिल्ला सिरहाको निर्वाचन क्षेत्र नम्बर-४० बाट उम्मेदवार थिए बेदानन्द झा । उनले ३ हजार ९ सय ९९ मत प्राप्त गरेका थिए । जबकी नेपाली कांग्रेसका उम्मेदवार माधवबाबु रेग्मी ७ हजार ५ सय मत ल्याएर विजयी भए ।

नेपाली कांग्रेसका नेता सुवर्ण शमसेर राणाले राजीनामा दिएपछि बारा क्षेत्र नम्बर-५ को उपनिर्वाचनमा बेदानन्द झाले जम्मा १ हजार ४ सय २ मत प्राप्त गरे । तराई कांग्रेसको २१ जनामध्ये कुनै पनि उम्मेदवारले विजयी हुन सकेनन् । नेपाली कांग्रेस आफ्नो उदारवादी समावेशी लोकतान्त्रिक छविका कारण देशभरि जित हासिल गर्दै दुई तिहाइ (७४) सिट जितेका थिए । तराई कांग्रेसले हार बेहोर्नु परेपछि झा दरबार प्रवेश गरे । उनी दरबारलाई प्रयोग गर्दै भारतका लागि राजदूत भएका भए । रघुनाथ ठाकुरले मधेश मुद्दा उठाइरहे । उनले त्यति बेलै लेखेको लेख 'परतन्त्र मधेश और उनकी संस्कृति' एउटा दस्ताबेजको रुपमा रहेको छ । त्यसैमा ठाकुरको संक्षिप्त जीवनी समावेश गरेर पुस्तकको रुपमा प्रकासित गरिएको थियो । पुस्तकमा उल्लेख गरिएअनुसार ठाकुरको प्रवासमै रहेको बेला २०३८ सालमा रहस्यमय ढंगबाट मृत्यु भएको थियो ।

२०४० सालमा हर्क गुरुङको नेतृत्वमा गठन गरिएको आयोगको प्रतिवेदन सार्वजनिक भयो । त्यो प्रतिवेदनमा उल्लिखित मधेशमा बढ्दो जनसंख्याको विवरण विवादास्पद हुन पुगेको थिए । त्यो बेला तराई कांग्रेसका महासचिव थिए रामजन्म तिवारी । उनले विवादबारे दरबारलाई बिन्तीपत्र लेखे । बिन्तिपत्रको पुछारमा लेखिएको थियो रामजन्म तिवारी, संयोजक सदभावना परिषद् । वास्तविकता के थियो भने तिवारीले उल्लेख गरेको सदभावना परिषद् नाम गरेको कुनै संगठन अस्तित्वमै थिएन । त्यसलगतै सद्भावना परिषदलाई तत्कालीन राज्यले 'बिखणडनवादी संस्था'को आरोप लगाए । तर त्यो कुनै 'राजनीतिक' वा 'बिखण्डनवादी संस्था' नभई केवल मधेशमा व्याप्त विभेदविरुद्ध आवाज उठाउने संस्कृतिक संस्था रहेको भन्दै सर्वोच्चमा मुद्दा पर्‍यो । सर्वोच्चले तिवारीकै पक्षमा फैसला सुनाइदियो ।

अन्य मधेशी नेता जस्तै मधेश मामिलामा कुरा नमिलेपछि गजेन्द्र नारायण सिंह पनि नेपाली कांग्रेसबाट अलिगएका थिए । र उनी पनि सद् भावना परिषद्मा आबद्ध भए । २०४७ सालमा जनकपुर महाधिवेशन बाट सद्भावना पार्टीको विधिवत् जन्म भएको थियो । त्यो बेला सद् भावना पार्टीको मुख्य माग नागरिकता समस्या सामाधान र भूमिसुधार हुने गर्थ्यो । आफ्नो पहिलो चुनावमै ६ सिट जितेका थिए । सरकारमा सहभागी हुने वा नहुने विषयमा सिंह र तिवारी बिच मतभेद् सुरु भयो । तिवारी सरकारमा सहभागी हुनुहुँदैन भने पक्षमा थिए । सरकारमा जाने कदमको विरोध हुने थालेपछि सिंहले तिवारीलाई पार्टीबाटै निष्काशित गरिदिए । रामजन्म तिवारीले आफ्नै नेतृत्वमा सद्भावना (आर) गठन गरे । यसपछि सद्भावना पार्टीमा नेता आउने र जाने क्रम चलिरह्यो । सत्ताको लागि टुक्रिने र नाम मधेशको जप्ने होडबाजी नै चल्यो । लोकतान्त्रिक आन्दोलनपछि २०६४ सालमा राजेन्द्र महतो, अनिल झा लगायतले बेग्लै-बेग्लै सद्भावनाको दोकान चलाइ रहे । वास्तविक मधेश मुद्दा ओझेलमा थियो । बेमौसमी बाजा बजाएर भोट् बटुल्ने प्रयास जारी नै थियो ।

माओवादी शान्ति प्रक्रियामा आएपछि देसको राजनीति परिवेश बदलिएको थियो । मधेशी जनताको राजनीतिक चेतना फेरिएको थियो । देसले नयाँ कोर्स सुरु गरेको थियो । मधेश एक पटक पुनःआफ्नो अधिकारको खोजिमा थियो । यहीँ समयमा नेपालमा अन्तरिम संविधान जारी भएको थियो । अन्तरिम संविधानमा राज्यको संरचना, जनसंख्याको आधारमा प्रतिनिधित्व, समानुपातिक समावेसी जस्ता मुद्दाहरू मौन रहेकाले मधेशमा असन्तुष्टि व्याप्त भएको थियो । एउटा विद्यालयमा अध्यापन गर्ने शिक्षकबाट वामपन्थी नेता, माओवादीप्रति सहानुभूति राख्ने राजनीतिज्ञ उपेन्द्र यादवले मधेश जनअधिकार फोरमको ब्यानरमुनि माइतिघरमणडलामा संविधान जलाए । यादव प्रक्राउ परे । आन्दोलनकै क्रममा लहानमा मधेशी युवा रमेश महतो मारिए । मधेश विद्रोह सुरु भयो । आन्दोलनको माग पूरा गर्ने प्रतिबद्धता जनाउन तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसादले एक हप्तामै दुई पटक सम्बोधन गर्नु परेको थियो । उनले सम्बोधनको सुरुमै मधेश आन्दोलनका 'उचित मागहरू'सम्बोधन गर्न सरकार प्रतिबद्ध रहेको बताएका थिए । सरकार र आन्दोलनरत पक्षका वार्ता समिति गठन भएको थियो । सरकारी वार्ता टोलीको नेतृत्व महन्त ठाकुरले गरेको थियो भने आन्दोलनरत पक्षको नेतृत्व उपेन्द्र यादवले गरेका थिए । सरकारसँग २२ बुँदे सहमति भएको थियो । तर उपेन्द्रलाई पहिलो गाँसमै ढुंगा परेको थियो । फोरमको वरिष्ठ उपाध्यक्ष भाग्यनाथ गुप्ता समूहले सम्झौतालाई धोखाको संज्ञा दिदै उपेन्द्र यादवलाई पार्टीबाट निलम्बन गरेका गरे । उता उपेन्द्र यादवले पनि ती समूहलाई पार्टीबाट अलग गरिदिएको घोषणा गरिसकेका थिए । मधेश आन्दोलन पछिको सहमति हुँदै गर्दा नै फोरम दुई टुक्रामा विभाजित भैसकेको थियो । मधेश आन्दोलनको राप र ताप यति ज्यादा थियो कि स्थापित पार्टीका मधेशी नेताहरू आफ्नो भविष्य मधेशको राजनीतिमा खोजी गर्न थालेका थिए ।

२०६४ साल पुस-१३ गते महन्त ठाकुरले कांग्रेस परित्यागको घोषणा गर्दै अन्य दलमा भएका मधेशी नेताहरूलाई जोड्दै तराई-मधेश लोकतान्त्रिक पार्टी गठन गरेका थिए । दोस्रो मधेश आन्दोलनको नेतृत्व महन्त ठाकुर र उपेन्द्र यादवले संयुक्तरुपमा गरेका थिए । दोस्रो मधेश आन्दोलन सरकारसँग ८ बुँदे सहमति गर्दै टुंगिएको थियो । पहिलो संविधान सभाको निर्वाचनको तयारी समय थोरै थियो । छोटो समयमा यी पार्टीहरू चुनावमा होमिए पनि मधेश केन्द्रित दलहरूले ८३ सिट जितेका थिए । उपेन्द्र यादव नेतृत्वको फोरमले प्रत्यक्षमा ३० र समानुपातिक तर्फ २२ सिट जितेका थिए । देशको चौथो शक्तिको रूपमा उदाएका थिए । पहिलो संविधान सभाको निर्वाचनपछि गठित प्रचण्ड नेतृत्वको सरकार रहुन्जेलसम्म यी पार्टीहरूको अवस्था ठिकै थियो । त्यो सरकार ढलेपछि बिगतमा सद् भावनालाई लागेको रोग फोरममा सरेको थियो । माधव नेपाल सरकारमा सहभागी हुने कि नहुने विवाद उपेन्द्र र गच्छदारबीच सुरु भयो । २०६६ सालमा गच्छदारले २८ सभासदका साथ पार्टी फुटाइ दिए । मधेशी जनअधिकार फोरम (लोकतान्त्रिक) गठन गर्दै माधव नेपाल सरकारमा उपप्रधानमन्त्री बन्न भ्याइहाले ।

यस्तै, २०६८ सालमा उपेन्द्रको पार्टीबाट १३ सभासद् लिँदै जेपी गुप्ताले पार्टी फुटाउँदै गणतान्त्रिक फोरम गठन गरे । गच्छदारको पार्टी फोरम लोकतान्त्रिक पनि धेरै समय एक ढिक्का रहन सकेन ।

२०६९ सालमा सरत्सिंह भण्डारीले लोकतान्त्रिक फोरमको केही सभासद् लिँदै राष्ट्रिय समाजवादी पार्टी गठन गरे । त्यसपछि पनि फोरमको टुटफुट रोकिएन । यी सबै टुटफुटको अभिप्राय सत्ता प्राप्ति थियो । अर्को ठूलो दल मधेश केन्द्रित दल 'तमलोपा' पनि यस क्रियाकलापबाट अछुतो रहन सकेन । पार्टीले सरकारबाट फिर्ता बोलाउने रणनीति बनाएपछि महेन्द्र यादवले २०६७ साल पुस-१६ गते तमलोपा विभाजन गर्दै आफ्नै नेतृत्वमा तमलोपा-नेपाल गठन गरे । स्मरणीय छ, त्यो बेला महन्त ठाकुरले पार्टी विभाजनको दोष एमालेलाई लगाएका थिए । उनले भनेका थिए, 'कुनै सिद्धान्त र मुद्दाको आधारमा होइन सत्ता स्वार्थको कारणले पार्टी विभाजन भएको हो ।' जुन दोष अहिले उपेन्द्रले महन्तलाई लगाउँदै छन् । यसरी विभिन्न कालखण्डमा टुक्रिएर बनेका मधेश केन्द्रित दलहरू २०७० सालको निर्वाचनमा नराम्रो पराजय भोगे । कतिपय यिनका शीर्ष नेताहरू नै पराजित भएका थिए । यो अवस्थामा यिनको सत्तामा जाने बाटो बन्द भएको थियो । अचम्म त के भयो भने विभिन्न कालखण्डमा सताका लागि टुक्रिएका यी दलहरू २०७४ सालको निर्वाचन अगाडि जुट्न थालेका थिए । ६ वटा दलहरूले मिलेर राजपा गठन भयो । उपेन्द्र यादव पनि विभिन्न पार्टीसँग एकता गर्दै संघीय समाजवादी नेपाल गठन गरे । विजय गच्छदारले आफ्नो पार्टी नै नेपाली कांग्रेसमा विलय गराए । २०७४ सालको निर्वाचनमा पनि विकास र समृद्धिक भन्दा मधेश मुद्दाको अस्त्र नै प्रयोग भयो । गठबन्धन बनाएर लडेका राजपा र सपाले मधेशमा अधिकांश सिटमा विजय प्राप्त गर्‍यो । देशभरिको निर्वाचन परिणामले नेकपालाई पूर्ण बहुमत प्राप्त भएको थियो । सत्ताविहीन भएर टिक्न नसक्ने उपेन्द्र यादवले मधेश मुद्दामा प्राप्त गरेको मत मधेशी मुद्दाका घोर विरोधी केपी ओलीलाई जिम्मा लगाउँदै उपप्रधानमन्त्री पडकाइहाले । तर्क उहीँ पुरानो थियो मधेश मुद्दा सम्बोधनको लागि सरकारमा सहभागी भएको । राष्ट्रिय जनता पार्टी सरकारमा सहभागी नभए पनि ओली सरकारलाई समर्थन गरेका थिए । उपेन्द्रको उपयोगिता सकिएपछि ओलिले आफ्नो नीति अनुरूपनै उपेन्द्रलाइ बेइज्जतपूर्ण तरिकाले सरकारबाट हटाइ दिए । २०७७ साल वैशाख-७ गतेको मन्त्रिपरिषद् बैठकले दुई वटा अध्यादेश जारी गर्ने निर्णय गरेको थियो । जसमध्ये एउटा थियो राजनीतिक दल सम्बन्धि शंसोधन अध्यादेस-२०७७ । अध्यादेशमा दल विभाजनको व्यवस्था सहज गरिएको थियो । यो अध्यादेशले कहिले मिल्न नसक्ने ठाकुर र यादव आफ्नो अस्तित्व बचाउन राता-रात आफ्नो पार्टी एकीकरण गर्न बाध्य भए । नयाँ पार्टीको जन्मदिए-जनता समाजवादी पार्टी । दुई प्रमुख नेताको हस्ताक्षरमा गरिएको एकताको सहमति पत्रमा वैचारिक सवालहरू मौन थियो ।

नेकपाको एकीकरण जस्तै यो पनि सैद्धान्तिक र वैचारिक धरातलमा गरिएको एकीकरण थिएन । भविष्यमा सत्ताको खेल गर्नका लागि एकै ठाउँमा जम्मा भएका भिड थिए । २०७७ साल पुस-५ गते ओलीले असंवैधानिक तरिकाले गरेको संसद् विघटनको विरोध महन्त र उपेन्द्रले अग्रमोर्चामै रहेर गरेका थिए । अदालतको आदेशबाट संसद् पुनःस्थापना भएपछि ओली कमजोर भएका थिए । सत्ताका माहिर खेलाडी महन्त र राजेन्द्रले यो नबुझ्ने प्रश्न नै आउँदैन । ओलीको कमजोरीको फाइदा उठाउँदै यिनी सत्ता बार्गेनिङमा सकृय भएका थिए । मधेश मुद्दा र रेशम चौधरीको रिहाइलाई आवरण बनाइएको थियो ।

> “ अवस्य पनि मधेश आन्दोलनको बेला केही व्यक्तिमाथि लगाइएको मुद्दा फिर्ता गरिएको छ । नागरिकता विधेयकलाई अध्यादेशमार्फत् जारी गरिएको छ । वास्तविक्ता के हो भने यी र यस्ता मुद्दाहरू दशकौदेखि सत्तामा पुग्ने भर्‍याङ भएको छ । सत्तामा पुग्नका लागि दल विभाजन गर्ने पर्ने पुरानो रोगबाट मधेश केन्द्रित दलहरू मुक्त हुन सकेको छैन । ओलीको दल विभाजन अध्यादेशका कारण एकीकरण भएको दल फेरि पनि ओलीकै सत्ता टिकाउन विभाजन भएको छ ।

अवस्य पनि मधेश आन्दोलनको बेला केही व्यक्तिमाथि लगाइएको मुद्दा फिर्ता गरिएको छ । नागरिकता विधेयकलाई अध्यादेशमार्फत् जारी गरिएको छ । वास्तविक्ता के हो भने यी र यस्ता मुद्दाहरू दशकौदेखि सत्तामा पुग्ने भर्‍याङ भएको छ । सत्तामा पुग्नका लागि दल विभाजन गर्ने पर्ने पुरानो रोगबाट मधेश केन्द्रित दलहरू मुक्त हुन सकेको छैन । ओलीको दल विभाजन अध्यादेशका कारण एकीकरण भएको दल फेरि पनि ओलीकै सत्ता टिकाउन विभाजन भएको छ । यो भन्दा गैरराजनीतिक क्रियाकलाप के हुन सक्छ ? माथि उल्लेख्य घटनाक्रमले के पुष्टि गर्छ भने मधेश केन्द्रित दलहरूका लागि राजनीति उब्जाउ खेती भएको छ । एउटा न एउटा मधेशी नेताले कृषि मन्त्रालय पाइरहेकै छन् । तर मधेशको खेतीलाई आधुनिकीकरण गर्ने, भूमि सम्बन्ध सुधार्ने वा उत्पादन बढाउने एउटा पनि योजना मधेशमा पुगेन । उपेन्द्र यादव दुई पटक परराष्ट्र र एक पटक स्वास्थ्य मन्त्रालय चलाएकै हुन् । विदेशी भूमिमा कामदारको रुपमा जाने नेपाली युवामध्ये अधिकांश मधेशकै छन् । ती कामदारको हितमा त्यहाँका सरकार सरकारसँग एउटा वार्ता हुन सकेन । मधेशको स्वास्थ्य क्षेत्रको अवस्थासँग कोही पनि बेखबर छैन । राजेन्द्र महतो र अनिल झा उद्योग मन्त्रालयमा पुगेकै हुन् । आफ्ना मान्छेलाई विभिन्न प्रतिस्थानका प्रमुख बनाउने र जागिर खुवाउनेबाहेक अरु काम गरेनन् । सूची लामो छ । यी त केही उदाहरण हुन् । बिगत ६ वर्षदेखि मधेश प्रदेश सरकारको नेतृत्व उपेन्द्र यादवको पार्टीले गर्दैछ । यिनलाई प्रदेश सरकार सन्चालनमा सहयोग काङ्ग्रेस र माओवादी पार्टीले पनि गर्दैछ । यी सबै पार्टीका नेता प्रदेशमा मन्त्री पनि भएका छन् । तर मधेशमा विकास योजनाका नाम जनताको अवस्था परिवर्तन गर्ने गेम चेन्जर परियोजना ल्याउन सकेनन् । नयाँ पार्टीका रूपमा आएका जनमत पार्टी पनि अहिले सरकारमा सहभागी छ । तिनका मन्त्री पनि प्रचारमुखी कामबाहेक जनताका मुख्य मुद्दा पहिचान गर्न सकेका छैनन् । जनताका मुद्दा पहिचान गर्न सकेको भए मिटरब्याज पीडित गरिब जनता काठमाडौंसम्म आइपुग्ने थिएनन् ।

संघीयताका लडेको नेता उपेन्द्र यादवले वास्तवमा जनताका मुद्दा भन्दा सत्ताको खेललाई प्रमुख ठान्छन् । जनताका मुद्दामा उदासिन उपेन्द्र सप्तरी निर्वाचन क्षेत्र नम्बर-२ मा चार महिना अगाडि पराजित भए । यिनी अहिले पानी बिनाको माछा झै छट्पठाउँदै बारा-२ बाट निर्वाचन लड्ने तयारीमा छन् । यिनको मुख्य उद्देश्य संसद्मा प्रवेश गर्नु हो । संसद् प्रवेश गरेर मधेशका जनताका मुद्दा सम्बोधन होइन सत्ताका खेलमा सहभागी हुँदै उपप्रधानमन्त्री पड्काउने हो ।

अघिल्लो शेरबहादुर सरकारले उपप्रधानमन्त्री नबनाउँदा यिनमाथि ठूलै अन्याय भएको थियो । संसदीय व्यवस्थाका धेरै राम्रा पक्ष छन् । यसका केही त्रुटिहरू पनि छन् । कहिले काहीँ यो व्यवस्थामा जनतालाई ठग्न माहिर नेता पनि चुनिन्छन् ।

*कर्ण, नेपाली कांग्रेसका महाधिवेशन प्रतिनिधि हुन् । साभारः इकागज*

# शेयर निष्काशन नियमावली मस्यौदा तयार

काठमाडौँ, १९ चैत ।
नेपाल धितोपत्र बोर्डले 'साना तथा मझौला सङ्गठित संस्थाको धितोपत्र निष्काशन तथा कारोबारसम्बन्धी नियमावली, २०७९' को मस्यौदा तयार पारेको छ ।

बोर्डले नियमावलीको मस्यौदा सार्वजनिक गर्दै विभिन्न क्षेत्रबाट सुझाव मागेको छ । साना तथा मझौला लगानीका कम्पनीलाई पुँजीबजारमा आबद्ध गर्नका लागि कानुनी व्यवस्था गर्न नियमावली ल्याउन लागिएको बोर्डले जनाएको छ ।

नियमावलीको मस्यौदाअनुसार साना तथा मझौला सङ्गठित संस्था धितोपत्र बोर्डमा दर्ता हुनका लागि त्यस्ता संस्थाको चुक्ता पुँजी बढीमा २५ करोड रुपैयाँसम्मको हुनेछ तर साना तथा मझौला सङ्गठित संस्थाको उपस्थिति र बजारको अवस्था हेरेर बोर्डले चुक्ता पुँजीको सीमा हेरफेर गर्नसक्ने जनाएको छ ।

यस्ता कम्पनी पुँजी बजारमा आबद्ध हुन धितोपत्र बोर्डमा दर्ता गराउनुपर्नेछ । यसरी बोर्डमा दर्ता भएका कम्पनीले जारी पुँजीको ३० प्रतिशतभन्दा कम र ९९ प्रतिशतभन्दा बढी नहुने गरी धितोपत्र सार्वजनिक गर्नसक्ने व्यवस्था मस्यौदा राखिएको छ । यस्ता कम्पनीले सार्वजनिक निष्कासन गर्दा निश्चित शर्त पूरा गर्नुपर्नेछ । 'पब्लिक कम्पनीका रुपमा आफ्नो उद्देश्यअनुसार कारोबार सञ्चालन गर्नका लागि आवश्यक कार्य अगाडि बढाइ एक आर्थिक वर्षको पूर्ण अवधि पूरा गरेको हुनुपर्नेछ,' मस्यौदामा भनिएको छ, 'तर साविकमा प्राइभेट लिमिटेड कम्पनीका रुपमा दर्ता भई कारोबार सञ्चालन गरेको कम्तीमा दुई आर्थिक वर्ष पूरा भई पब्लिक लिमिटेडका रुपमा एक आर्थिक वर्ष पूरा हुन आवश्यक पर्ने छैन ।'

कम्पनी धितोपत्रमा दर्ता हुनका लागि वार्षिक लेखापरीक्षण गरेको, साधारणसभा सम्पन्न भएको र संस्थापकले लिन कबुल गरेको धितोपत्रको रकम रकम शतप्रतिशत चुक्ता भइसकेको हुनुपर्ने शर्त राखिएका छन् । नियमावलीको मस्यौदाअनुसार यस्ता कम्पनीले क्रेडिट रेटिङ गर्न अनिवार्य हुने छैन । तर धितोपत्र बोर्डले त्यस्ता कम्पनीको क्रेडिट रेटिङ गर्न आवश्यक देखेमा त्यसका लागि निर्देशन दिनसक्ने व्यवस्था मस्यौदामा राखिएको छ । यस्ता कम्पनी दर्ता भएर सार्वजनिक निष्काशनमा जाँदा सर्वसाधारण लगानीकर्ताले खरिद गर्न पाउने न्यूनतम शेयर सङ्ख्या पनि नियमावलीमार्फत तोक्न लागिएको छ ।

'आवेदकले निष्काशन गरिने शेयरमध्ये न्यूनतम न्यूनतम दुई सय ५० कित्ता खरिदका लागि दर्खास्त दिनुपर्नेछ,' नियमावलीको मस्यौदामा भनिएको छ । तर प्रारम्भिक निष्काशनमा शेयर खरिदका लागि दरखास्त आह्वान गर्दा प्रतिशेयरको अङ्कित मूल्यको ५० प्रतिशतभन्दा बढी रकम लिन पाइने छैन । यद्यपि, सङ्गठित संस्थाले आफ्नो अघिल्लो तीन वर्षको वासलात प्रकाशन गरी पुँजी सङ्कलन गर्दा ५० प्रतिशतभन्दा बढी रकमसहित दरखास्त माग गर्न सक्नेछन् । यस्ता कम्पनीले निश्चित शर्त पूरा गरेपछि प्रिमियममा पनि धितोपत्रको निष्काशन गर्न सक्नेछन् । 'सङ्गठित संस्था लगातार पछिल्लो तीन वर्षसम्म खुद मुनाफामा सञ्चालनमा रहेको, प्रतिशेयर चुक्ता पुँजीभन्दा प्रतिशेयर नेटवर्थ बढी भएको, औसत वा सोभन्दा माथिको क्रेडिट रेटिङ पाएको र साधारणसभाले प्रिमियम मूल्यमा धितोपत्र जारी गर्ने निर्णय गरेको हुनुपर्नेछ,' मस्यौदामा भनिएको छ । यस्ता शर्त पूरा गरेका कम्पनीले पछिल्लो लेखापरीक्षण भएको वित्तीय विवरणअनुसारको प्रतिशेयर नेटवर्थको दुई गुणासम्म निष्काशित मूल्य तोक्न सक्नेछन् ।

धितोपत्र निष्काशन गरेका यस्ता कम्पनीले त्यसको कारोबारका लागि सम्बन्धित धितोपत्र बजार (हालको नेपाल स्टक एक्सचेञ्ज) मा सूचीकरण हुनुपर्नेछ । यो नियमावलीको मस्यौदाबमोजिम सूचीकृत धितोपत्रको कारोबार सञ्चालन हाल सञ्चालनमा रहेको मुख्य प्रणाली (मेन प्लाटफर्म) मातहत वा छुट्टै साना तथा मझौला सङ्गठित संस्थाको कारोबार प्रणाली (एसएमईज प्लाटफर्म) सिर्जना गरी स्वचालित विद्युतीय कारोबार प्रणालीमार्फत् गर्नुपर्नेछ । यस्तो कारोबार प्रणालीमा मूल्य तथा समय प्राथमिकता (प्राइस टाइम प्रायोरिटी) को आधारमा कारोबार हुने व्यवस्था मिलाउनुपर्नेछ । नेप्सले प्रत्येक दुई वर्षमा यो कारोबार प्रणालीको सम्परीक्षण (सिस्टम अडिट) गराउनुपर्नेछ र सोको प्रतिवेदन धितोपत्र बोर्डमा बुझाउनुपर्नेछ ।

सूचीकरण खारेज (डिलिस्टिङ)सम्बन्धी व्यवस्था पनि मस्यौदामा राखिएको छ । यस्ता संस्थाहरु एक आपसमा गाभिएमा वा प्राप्ति भएमा नयाँ कायम हुने संस्थाको धितोपत्र सूचीकरण हुनेगरी पूराना कम्पनीको सूचीकरण खारेज हुनेछ । त्यस्तै सूचीकरणको वार्षिक शूल्क नबुझाएको कारणले धितोपत्र बजारमा लगातार दुई वर्षसम्म कारोबार स्थगन भएमा पनि सूचीकरण खारेज हुने व्यवस्थासहित मस्यौदा तयार पारिएको छ । धितोपत्रको कारोबार, मूल्य परिवर्तन सम्बन्धी सीमा, धितोपत्र कारोबारको संख्या तोक्नसक्ने व्यवस्था, सर्किट ब्रेकरसम्बन्धी व्यवस्था, धितोपत्रको कारोबार स्थगन गर्न सक्नेलगायतका विषयहरु पनि मस्यौदामा राखिएका छन् । त्यस्तै, धितोपत्र बजारले खडा गरेको राफसाफसम्बन्धी कोषलाई साना तथा मझौला व्यवसायको कारोबारका लागि पनि प्रयोगमा ल्याइने व्यवस्था राखिएको छ ।

सर्वसाधारणका लागि प्राथमिक निष्काशन गरिएको धितोपत्र बाहेक अन्य धितोपत्र सङ्गठित संस्थाले सर्वसाधारण समूहको लागि प्राथमिकत सार्वजनिक निष्काशन गरी शेयर बाँडफाँट भएको मितिले पाँच वर्ष पूरा नभई बिक्री वितरण गर्न पाइने छैन । तर प्राइभेट इक्विटी, भेञ्चर क्यापिटल, हेज फन्ड वा यस्तो प्रकारको कोषका रुपमा बोर्डमा वा विदेशमा दर्ता भएको कोषको स्वामित्वमा रहेको धितोपत्रको हकमा यो लागू हुने छैन । साना तथा मझौला कम्पनी पुँजीबजारमा सूचीकृत हुँदा धितोपत्रको अङ्कित मूल्य भने प्रतिकित्ता एकसय रुपैयाँ हुनेछ ।

# मार्चमा एक लाख पर्यटक भित्रिए

काठमाडौँ, १९ चैत ।
मार्च महिनामा करिब एक लाख विदेशी पर्यटक नेपाल भित्रिएका छन् । नेपाल पर्यटन बोर्डका अनुसार यस अवधिमा ९९ हजार ४ सय २६ विदेशी पर्यटक नेपाल आएका हुन् । यो अवधिमा सार्क राष्ट्रबाट ३३ हजार ४ सय ५४, अन्य एसियाली राष्ट्रबाट १५ हजार ६ सय ४३, यूरोपबाट २३ हजार २ सय ६५, ओसियन राष्ट्रबाट तीन हजार ९ सय ५८ पर्यटक नेपाल आएका हुन् ।

साथै क्यानडाबाट एक हजार ७ सय ७, अमेरिकीबाट नौ हजार ५ सय ५७ का साथै मिडल इस्टलगायतका देशबाट १० हजार ३ सय ७५ पर्यटक नेपाल भित्रिएका छन् ।

यस अवधिमा सबैभन्दा धेरै भारतबाट २५ हजार ९ सय ११ पर्यटक नेपाल आएका छन् । जबकी गत वर्षको मार्च महिनामा भारतबाट १५ हजार १३ पर्यटक आएका थिए । अमेरिकाबाट गत वर्षको सोही अवधिमा चार हजार ८ सय ९६ पर्यटक आएकोमा यसपटक नौ हजार ५ सय ५७ पर्यटक आएका छन् ।

मार्च महिनामा भारत, अमेरिका, यूके, जर्मनी र श्रीलंकाबाट सबैभन्दा धेरै पर्यटक नेपाल आएका छन् । कोरोना महामारीपछि नेपालमा भित्रिने पर्यटकको सङ्ख्या सुधारोन्मुख अवस्थामा छ ।

# बीस अङ्कले घट्यो नेप्से



काठमाडौँ, १९ चैत ।
यो साता कारोबारको पहिलो दिन आइतबार पुँजीबजारमा उच्च अङ्कको गिरावट देखिएको छ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक २० अङ्कले घटेर एक हजार आठ सय ८८ दशमलव ५५ अङ्कमा कायम भएको छ । आइतबार दुई सय ६० कम्पनीको ३७ लाख ८७ हजार दुई सय ४१ कित्ता शेयर ३२ हजार चार सय १४ पटक खरिद बिक्री हुँदा एक अर्ब २० करोड ७१ लाख २२ हजार छ सय रुपैयाँ बराबरको कारोबार भएको छ । आइतबार सबै समूहको उपसूचक रातो देखिएको छ । सबैभन्दा धेरै व्यापार समूहको उपसूचक ५४ दशमलव ९९ र निजीवन बीमा समूहको उपसूचक ४७ दशमलव २४ अङ्कले घटेको छ । बैंकिङ समूह २३ दशमलव ८९, होटल तथा पर्यटन समूह १८ दशमलव ९१, जलविद्युत् समूह ४१ दशमलव ६८, लगानी समूह शून्य दशमलव ७४ र जीवन बीमा समूह ३६ दशमलव ७४ अङ्कले घटेको छ । त्यस्तै, उत्पादन तथा प्रशोधन समूह ३५ दशमलव ७२, लघुवित्त समूह ३५ दशमलव ८४, म्युचुअल फन्ड शून्य दशमलव ०२ र अन्य समूह १० दशमलव ९७ अङ्कले घटेको छ । आइतबार कालिञ्चोक दर्शन लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै नौ दशमलव ९६ प्रतिशतले बढेको छ । स्वाभिमान लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै नौ दशमलव ६१ अङ्कले घटेको छ ।

कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै एनआइसी एसिया बैंक लिमिटेडको पाँच करोड पाँच लाख ६२ हजार रुपैयाँ बराबरको शेयर खरिद बिक्री भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने सबैभन्दा धेरै कुमारी बैंक लिमिटेड प्रमोटर शेयर एक लाख ७४ हजार छ सय १० कित्ता किनबेच भएको छ ।

# चार पालिकामा फोहरमैला प्रशोधन केन्द्र निर्माण हुँदै

महेन्द्रनगर, १९ चैत ।
एसियाली विकास बैंक (एडिबी)को ऋण सहयोगमा कैलाली र कञ्चनपुरका चार पालिकामा फोहरमैला प्रशोधन केन्द्रको निर्माण अघि बढेको छ । आधुनिक सडक निर्माणको योजनासँगै फोहर व्यवस्थापनका लागि फोहरमैला प्रशोधन केन्द्र स्थापना गरिएको हो ।

सन् २०१५ मा कैलालीको गोदावारी नगरपालिका र धनगढी उपमहानगरपालिका तथा कञ्चनपुरको भीमदत्त र शुक्लाफाँटा नगरपालिका छनोट गरेर आधुनिक सडक, नाली, सडक पेटी, सौयबत्ती र फोहरमैला प्रशोधन केन्द्र निर्माणको थालिएको थियो । यहाँका चार वटै पालिकामा सडकलगायत अन्य संरचना निर्माणाधीन अवस्थामा छन् । धनगढी उपमहानगरपालिका-७ पटेलास्थित राष्ट्रिय वन क्षेत्रमा फोहरमैला प्रशोधन केन्द्र निर्माणका लागि ठेक्का सम्झौता भए पनि सो क्षेत्रको रुख कटानको आदेश नआउँदा काम अघि बढ्न सकेको छैन ।

कैलालीको गोदावरी र कञ्चनपुरको शुक्लाफाँटा नगरपालिकामा भने प्रशोधन केन्द्र निर्माण भइरहेको छ । शुक्लाफाँटा नगरपालिका-११ कलुवापुरमा निर्माण थालिएको फोहरमैला प्रशोधन केन्द्रको रमण-केएस जेभीले निर्माणको जिम्मा लिएको थियो । यहाँको श्रीकृष्ण सामुदायिक वन क्षेत्रमा करिब पाँच हेक्टर क्षेत्रफलमा प्रशोधन केन्द्र निर्माण भइरहेको छ । आगामी वैशाखभित्र रुख कटानको काम सक्ने लक्ष्य लिइएको निर्माण कम्पनीका प्रतिनिधि अमित यादवले जानकारी दिए ।

२६ करोड रुपैयाँ लागतमा निर्माण हुने प्रशोधन केन्द्र बीस महिनाभित्र निर्माण सक्ने गरी सम्झौता भएको उजले बताउनुभयो । 'एक वर्ष जति त रुख कटानको आदेश आउनै समय लाग्यो । प्रधोशन केन्द्र निर्माणस्थलमा आठ सय १३ रुख कटान गर्नुपर्ने छ,' यादवले भने ।

कञ्चनपुरको भीमदत्त नगरपालिकाले भने केन्द्रका लागि जग्गा प्राप्तिको प्रक्रियामा छ । नगरपालिकाका प्रवक्ता महेन्द्र खड्काले प्रशोधन केन्द्र निर्माणका लागि जमिन खोजिरहेको बताए । 'केन्द्र स्थापनाका लागि जग्गा खोजिरहेका छौँ । जग्गा खरिद गरेर वा सार्वजनिक जग्गा उपयोग गरेर भए पनि केन्द्र निर्माणमा पालिकाले पहल गर्दैछ,' उनले भने । पालिकाले उत्तरतर्फको चुरे फेददेखि ब्रह्मदेव हुँदै वडा नं १९ बागफाँटासम्म प्रशोधन केन्द्रका लागि जग्गा हेरे पनि अन्तिम टुङ्गो भने लाग्नसकेको छैन ।

पालिकाले जग्गा पहिचान र प्राप्तिका लागि केही समयअघि वडाध्यक्षको नेतृत्वमा समिति बनाएर समितिले प्रतिवेदन बुझाइसकेको छ । जग्गाको विषय र स्थान टुङ्गो नलाग्दा यहाँ प्रशोधन केन्द्र निर्माणमा ढिलाइ भइरहेको प्रवक्ता खड्काको भनाइ छ ।

भीमदत्त नगरपालिका क्षेत्रको बजार र मझगाउँसम्मको सडक, फुटपाथ, नालीलगायत संरचनाको कामले भने गति लिएको छ । सडक निर्माणको जिम्मेवारी पाएको जेडआइसी-लामा जेभीका इञ्जिनियर भुपेन्द्र सिंहले योजनाको ६५ प्रतिशत काम सम्पन्न भइसकेको जानकारी दिए । उनका अनुसार पूर्वाधार निर्माणअन्तर्गत करिब १४ किलोमिटर सडक, नाली, पुटपाथलगायत संरचना बनिरहेका छन् । क्षेत्रीय सहरी विकास आयोजना कार्यान्वयन इकाइ धनगढीमार्फत यहाँका चार पालिकामा सडक तथा प्रशोधन केन्द्र निर्माणको काम भइरहेको इकाइका इञ्जिनियर सञ्जीव कुमार शाहले बताए ।

उनले गोदावरी नगरपालिकामा प्रशोधन केन्द्रका लागि रुख कटानको काम सकिएर अन्य संरचना निर्माण भइरहेको जानकारी दिनुभयो । ५१ करोड रुपैयाँ लागतमा निर्माण हुन लागेको केन्द्रको निर्माण अवधि दुई वर्ष चार महिना तोकिएको छ । त्यस्तै धनगढीमा प्रशोधन केन्द्र निर्माणका लागि रुख कटान आदेश प्राप्तिको प्रक्रियामा रहेको इञ्जिनियर शाहको भनाइ छ । 'धनगढीमा वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) प्रतिवेदन स्वीकृत भएर रुख कटानको आदेश वन तथा वातावरण मन्त्रालयबाट पाउने प्रक्रियामा छ,' शाहले भने, 'कटानको आदेश आएपछि काम सुरु हुन्छ ।' उनका अनुसार धनगढी र गोदावरीको प्रशोधन केन्द्रको निर्माण सिच्युवान प्रोभिन्स जीओलोजिकल इञ्जियरिङ कम्प्लेक्सले गर्नेछ ।

# एक करोड ८९ लाख राजस्व सङ्कलन

वीरगंज, १९ चैत ।
जिल्ला ट्राफिक प्रहरी कार्यालय वीरगन्ज पर्साले चालु आर्थिक वर्ष २०७९/८० को आठ महिना अवधिमा एक करोड ८९ लाखभन्दा बढी राजस्व सङ्कलन गरेको छ । ट्राफिक नियमको उल्लङ्घन गर्ने २१ हजार दुई सय सवारीसाधनमाथि कारबाही गरी एक करोड ८९ लाख १२ हजार पाँच सय रुपैयाँ राजस्व सङ्कलन गरेको जिल्ला ट्राफिक प्रहरी कार्यालय वीरगंज पर्साका प्रमुख प्रहरी निरीक्षक मणिराम थापाले जानकारी दिए । यस्तै चालु आव २०७९/८० को आठ महिनामा पर्सा जिल्लामा भएको दुई सय ८१ वटा सवारी दुर्घटनामा परी ३३ जनाको मृत्यु भएको छ । पर्साको मुख्य सडक तथा विभिन्न सहायक सडकमा भएको सवारी दुर्घटनामा २७ पुरुष, तीन महिला, तीन बालक गरी ३३ जनाको मृत्यु भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साले जनाएको छ । बढ्दो सवारी साधनको चाप, साँघुरो सडक, चालकको लापरवाही तथा सडकमा छाडिने पशुचौपायाका कारण सवारी दुर्घटना बढेको उनको भनाइ छ ।

# निर्माण सामग्री अभावले कालिगण्डकी करिडोर प्रभावित

पर्वत, १९ चैत ।
राष्ट्रिय गौरवको कालीगण्डकी करिडोरमा पर्ने मालढुङ्गा-बेनी सडक स्तरोन्नतिको काम रोकिएको छ । कालीगण्डकी नदीबाट निर्माण सामग्री उत्खनन् गर्न नपाएको भन्दै निर्माण कम्पनीले म्याग्दी र मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने मालढुङ्गा-बेनी सडक स्तरोन्नतिको काम रोकेको हो । पर्वतको कुश्मा नगरपालिका-१ मा पर्ने मालढुङ्गाबाट जलजला गाउँपालिका-८, ७, ४ र ३ वडा हुँदै म्याग्दीको सदरमुकाम बेनी जोड्ने सडक स्तरोन्नति निर्माण सामग्रीको अभावमा बिहीबारदेखि रोकिएको छ । निर्माण कम्पनी एपेक्स-खड्का-कृष्ण जेभीले बेनी-जोमसोम-कोरल्ला सडक आयोजनालाई पत्र लेख्दै काम रोकेको जानकारी दिएको हो । कम्पनीले कामदारलाई घर पठाएको छ भने प्रयोग भएका उपकरण साइट अफिसमा थन्काएर बसेको छ । निर्माण सामग्री नहुँदा काम रोक्नुपरेको निर्माण कम्पनी ओमकारेश्वरका प्रतिनिधि अमृत दाहालले बताए ।

सडकको धेरै ठाउँमा सबबेस र बेस बिछ्याउने अवस्थामा पुगेको तर क्रसर उद्योगका लागि चाहिने कच्चापदार्थ नदीबाट निकाल्न नदिइएका कारण काम रोक्नु परेको दाहालले दाबी गरे । 'सडकका क्षेत्रमा ढुङ्गा नै निस्कँदैन, नजिकै बगेको नदीबाट निकाल्न स्थानीय प्रशासनले दिँदैन,' उनले भने, 'सर्वोच्च अदालतलेसमेत निकास नदिएर उल्टै मुद्दा लम्ब्याउने प्रयास भएपछि गाडी र कामदार थन्काएर हिँड्न बाध्य भयौँ ।' सडक निर्माण सम्झौताको अवधिमा र वातावरण प्रभाव मूल्याङ्कन प्रतिवेदनमा समेत निर्माण सामग्री कालीगण्डकी नदीबाट नै उत्खनन गर्ने उल्लेख छ । अहिलेसम्म कालीगण्डकीबाट निर्माण सामग्री निकाल्न नपाए पनि महँगोमा किनेर काम गर्दै आएको तर अब कुनै पनि हालतमा काम अघि बढाउन नसक्ने अवस्था भएकाले काम बन्द गर्नुपरेको दाबी निर्माण कम्पनीको छ । नदीजन्य पदार्थ नपाएपछि प्रशोधन गर्न स्थापना गरेको अस्थायी क्रसर सञ्चालन भएको छैन । ग्राभेल गर्न आवश्यक पर्ने नदीजन्य पदार्थ नभएपछि सयौँ मजदुर, दर्जनौँ डोजर, टिपर थन्क्याएर राख्नुपरेको उनको गुनासो छ । कालीगण्डकी धार्मिक नदी पनि हो । यहाँ शालिग्राम पाइने भएकाले क्रसर व्यवसायीले जथाभावी उत्खनन हुँदा यसको संस्कृति र सभ्यता नै लोप हुन थालेको भन्दै सर्वोच्च अदालतमा मुद्दा दायर भएपछि अदालतको अन्तरिम आदेशपछि स्थानीय तहलेसमेत नदीबाट ढुङ्गागिटी उत्खननका लागि ठेक्का लगाउन सकेका छैनन् । सर्वोच्च अदालतको २०७८ असार २९ गतेको आदेशअनुसार कालीगण्डकीबाट नदीजन्य पदार्थ उत्खनन गर्न रोक लागेको छ । कम्पनीले माघ १७ गते सबै सरकारी निकायलाई विपक्षी बनाएर निर्माण सामग्री व्यवस्थापनका विषयमा सर्वोच्च अदालतमा रिट दायर गरे पनि सर्वोच्चले पुरानो मुद्दा कायम रहेकाले नयाँ आदेश नदिएपछि निर्माण कम्पनी काम छाडेर हिँड्न बाध्य भएको व्यवसायी दाहालको दाबी छ । उत्तर दक्षिण जोड्ने राष्ट्रिय गौरवको कालीगण्डकी करीडोर बेनी-जोमसोम-कोरला सडक आयोजनामार्फत १३ किलोमिटर दूरीको मालढुङ्गा-बेनी सडक स्तरोन्नतिका लागि २०७७ चैतमा एपेक्स-खड्का-कृष्ण जेभीले ५२ करोड ८६ लाख रुपैयाँमा ठेक्का सम्झौता गरेको थियो । करिडोरको निर्माणको काम अलपत्र पर्न थालेपछि राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले पुसको दोस्रो साता मालढुङ्गादेखि तिब्बतको सिमाना कोरल्ला नाकासम्म अनुगमन गर्दै समस्या फुकाउन पहल गर्ने प्रतिबद्धता पनि जनाएक ाथिए ।

# निजी क्षेत्रसँग सहकार्य गर्छु : महत

काठमाडौँ, १९ चैत ।
नवनियुक्त अर्थमन्त्री डा प्रकाशशरण महतले समस्याग्रस्त अर्थतन्त्र सुधार नै आफ्नो पहिलो प्राथमिकता र प्रतिबद्धता रहेको बताउनुभएको छ । उहाँले त्यसका लागि निजी क्षेत्रको सुझाव र सहकार्य आवश्यक रहेको स्पष्ट पारे ।

नेपाल उद्योग वाणिज्य महासङ्घको पदाधिकारी प्रतिनिधिमण्डलसँगको भेटमा उनले आफू निजी क्षेत्रलाई साथमा लिएर समस्यामा परेको अर्थतन्त्रलाई निकास दिने बताए । 'तपाईंहरुको मनोबल घट्न दिन्न, तपाईंहरुसँग निरन्तर संवादमा रहन्छु,' उनले भने, 'मैले अर्थतन्त्र सुधार गर्न गरेको प्रतिबद्धता पूरा गर्न तपाईंबाट पूर्ण सहयोगको अपेक्षा गरेको छु ।'

महासङ्घका अध्यक्ष शेखर गोल्छाले नवनियुक्त अर्थमन्त्रीलाई सिङ्गो निजी क्षेत्रकातर्फबाट बधाई एवं शुभकामना दिनुका साथै अर्थतन्त्रको पछिल्लो अवस्थाबारेमा ब्रिफिङ पनि गरे । भेटमा अध्यक्ष गोल्छाले अहिले बजारमा तरलता प्रवाह गरी ब्याजदर घटाउन सुझाव दिए । यसका लागि केन्द्रीय बैंक र सरकारले संयुक्त पहलमा तरलता प्रवाह गरेर ब्याजदर झार्नुपर्ने उनको भनाइ थियो । सहकारी र लघुवित्तमा तरलता बढाउने गरी काम अघि बढाउन महासङ्घले आग्रह गरेको छ । सरकारी खर्च निक्कै सुस्त रहेको भन्दै त्यसलाई बढाउन पनि गोल्छाको सुझाव छ । अहिले करिब २५ प्रतिशत मात्र रहेको पुँजीगत खर्चलाई विस्तार गर्नुपर्नेमा उनले जोड दिए । 'राजस्व कम उठेको छ, चालु खर्च धान्न मुस्किल पर्न थालेको अवस्था छ । यसका लागि बाहिरी ऋण उठाएर भए पनि खर्च गर्नुपर्छ,' अध्यक्ष गोल्छाले भने । यसरी लिएको ऋण, विकास खर्च गर्नलाई मात्र प्रयोग गर्नुपर्नेमा उनले जोड दिए । निजी क्षेत्रको मनोबल उकास्ने खालका सन्देश प्रवाह गर्न तथा राजस्व उठाउने बहानामा निजी क्षेत्रलाई त्रसित पार्न नहुने भन्दै मनोबल उच्च बनाएर अगाडि बढ्ने वातावरण तयार पार्न उनले अर्थमन्त्री समक्ष सुझाव दिए ।

# आउने दिनमा गाउँघरमा ऋण नै नपाउने अवस्था निम्तिने : मधेश सांसदहरु

मधेशदृष्टि
काठमाडौ, १९ गते ।







मधेसबाट निर्वाचित संघीय सांसदहरुले सांसदहरुले गाउँमा चर्को ब्याजमा ऋण दिने वा चर्को ब्याज दिने बैंक तथा वित्तीय संस्थालाई मिटरब्याज केलाई भन्ने प्रश्न गरेका हुन् ।
उनीहरुले मिटरव्याजीमाथि मात्र कारबाही अघि बढाइए भने आउने दिनमा ती पिडीतलाई ऋण नपाउने जस्ता थप पीडा हुन सक्ने कुरातर्फ सचेत हुन सरकारलाई आग्रह गरेका छन् ।
प्रतिनिधिसभाको आइतबारको बैठकमा उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले मिटरब्याज पीडितलाई न्याय दिन आयोग बनाइएको र पीडकलाई कारबाही गर्न आफू गम्भीर रहेको बताएपछि सांसदहरूसँग यस्तो भनेका हुन् ।
प्रश्नोत्तरका क्रममा विशेषगरी मधेसका सांसदले मीटरब्याजपीडितको वर्गीकरण समेत हुनुपर्ने भन्दै कडा कारबाहीसँगै वित्तीय संस्थामा सर्वसाधारणको सहज पहुँचको ग्यारेन्टी नभए झन् ठूलो समस्या आउन सक्ने चेतावनी समेत दिए । सर्लाही ४ बाट निर्वाचित स्वतन्त्र सांसद अमरेशकुमार सिंहले ‘सरकारले पहिला ब्याजको डेफिनेसन (परिभाषा) तयार गर्नुपऱ्यो, मिटर ब्याज केलाई भन्ने मिलिमिटर केलाई भन्ने सेन्टिमिटर केलाई भन्ने प्रश्न गरे । सरकारले नै २४ प्रतिशतसम्म ब्याज लिन छुट दिएर मिटरबयाजी बनेको आरोप लगाए । उनले मिटरव्याजीमाथि कारबाही गर्ने आयोग बन्दै गर्दा गाउँ गाउँका जनताले छोराछोरीको पढाइ र उपचारमा कसरी पैसा जुटाउने भन्ने समस्या पनि आउने दिन श्रृजना हुने बताए । सिंहले भने, ‘बैंक सञ्चालकहरू सरकारका चन्दादाता भएकाले उनीहरूलाई केही गर्न नसक्ने ।
यता आयोग बनाएर मिटरव्याजीलाई कारबाही गर्ने भन्दा गाउँमा ऋण नपाएर उपचार र पढाइमा समेत समस्या हुनसक्छ । त्यसको पनि वैकल्पिक व्यस्थाबारे सोच्न जरुरी छ ।’
जसपा सांसद रेखा यादवले बैंकले ऋण नदिए र प्रक्रिया झन्झटिलो भएका कारण जनता मिटरब्याजमा ऋण लिन बाध्यन छन । उनले मिटरबयाजी र पीडितको वर्गीकरण गर्नुपर्ने भन्दै अहिले काठमाडौं ल्याइएका पीडितभन्दा वास्तविक पीडितहरू मधेसमा रहेका छन् ।
सांसद यादवले भनिन्, ‘ मिटरव्याजीको क्याटागोरी के हो ? काठमाडौंमा आउने कि नआउने बढी पीडित छन् ? बैंकको ऋण सजिलो उपलब्ध नभएपछि, बैंकले ऋण नदिएपछि पीडित बनेकालाई चक्रव्यूहमा फसेकाहरूलाई झन् समस्या नआओस् ।’
यस्तै नेपाली कांग्रेसका सांसद रामहरि खतिवडाले गाउँमा साहुकारसँग ऋण लिएर तिर्न नसकेर काठमाडौं आउनेहरु मात्रै मिटरब्याज पीडित नभएको बताए । ‘मेरो गाउँको एउटा किसानले एउटा बैंकबाट ३० हजार लोन लिएको थियो । पाँच वर्षमा १० लाख पुगेछ । ३० हजारको १० लाख लिनु मिटरब्याज हो कि होइन ?’ सांसद खतिवडाले प्रश्न गरे । सरकारले यस्ता काम पनि रोकिने गरी कानुन बनाउनुपर्ने उनले बताए ।
कांग्रेस सांसद नगिना यादवले वित्तीय संस्थाहरूमा सर्वसाधारणको सहज पहुँच नभएसम्म यो समस्या रहिरहने भन्दै एउटालाई न्याय दिँदा अर्को अन्यायमा नपरोस् भन्नेमा सजग हुन आग्रह गरिन । उनले ऋण सबैलाई चाहिने भन्दै बैंकले सहज तरिकाले ऋण नै दिदैन् बाध्य भएर मिटरब्याजीबाट पैसा लिएकाहरूले भोलिका दिन ऋण नै नपाउने विकराल अवस्था बारे पनि सरकारले सोच्नुपर्ने बताइन् ।’

# जसपा यादवविरुद्ध महतो उम्मेदवार नहुने

मधेशदृष्टि
जनकपुरधाम, १९ चैत ।





बारा २ मा उपनिर्वाचनको सरगर्मी तेज रफ्तारले बढदै गएको छ । गठबन्धन दल सहित विभिन्न दलले आ आफ्ना उम्मेदवार दिने घोषणा गरिसकेका छन् ।
विभिन्न दलबाट उम्मेदवार भएपपनि मुख्यतः गठबन्धन दलबाट कांग्रेस र लोसपाबाट समर्थन पाएका जनता समाजवादी पार्टी (जसपा) नेपालका उम्मेदवार उपेन्द्र यादव र गठबन्धन दलकै जनमत पार्टीका उम्मेदवार शिवचन्द्र कुशवाहाबीच प्रतिष्पर्धा हुने देखिएको छ ।
आइतवार गठबन्धन दलका उम्मेदवार जसपाका उपेन्द्र यादवलाई सघाउने लोसपा, कांग्रेस र माओवादी केन्द्रले सघाउने निर्णय गरिसकेको छ । हुनत् लोसपाले पनि यसअघि उम्मेदवार दिने घोषणा गरेको थियो तर आइतवार लोसपा वरिष्ठ नेता राजेन्द्र महतोले बाराको निर्वाचन क्षेत्र नम्बर-२ मा आफ्नो उम्मेदवारी नपर्ने स्पष्ट पारिसकेका छन् ।
उनले लोसपाले गठबन्धनका साझा उम्मेदवार जसपा अध्यक्ष उपेन्द्र यादवलाई समर्थन गर्ने जानकारी दिएका हुन् । उनले भने, ‘हाम्रो पाँच दलीय गठबन्धन छ । त्यहाँ उपेन्द्रजीलाई उम्मेदवार बनाउने निर्णय गरिसकेको अवस्थामा गठबन्धनभित्रैबाट अर्को उम्मेदवारी दिनु न्यायसंगत हुँदैन’, महतोले भने, ’कि पार्टीबाट विद्रोह गर्नुपर्यो, नभए पार्टीले समेत सहमति गरेको गठबन्धनको निर्णय मान्नुपर्यो। त्यही भएर मैले उपेन्द्रजीलाई समर्थन गर्ने गरी उम्मेदवारी नदिने निर्णय लिएको हुँ ।’९ दलीय सत्ता गठबन्धनकोतर्फबाट यादवलाई सघाउने निर्णय गरिसकेको बताउँदै त्यहीअनुसार आफू बारा २ मा प्रतिस्पर्धा गर्न नजाने निर्णय लिएका हुन् ।
नेपाल संघीय समाजवादी पार्टीका अध्यक्ष एवं पूर्व गृहराज्यमन्त्री मोहम्मद रिजवान अन्सारी नागरिक उन्मुक्ति पार्टीबाट बारा २ को उम्मेदवार बन्नु हुने भएको छ । राष्ट्रिय स्वतन्त्र पार्टीले रमेश खरेललाई उम्मेदवार बनाउने छ ।

# जनकपुरधाममा सामाजिक सद्भाव कायम गरौं

मधेशदृष्टि
जनकपुरधाम, १९ चैत ।



हिन्दू-मुस्लिम धर्मका अगुवा तथा सरोकारवाला सामाजिक सद्भाव कायम गर्दै एकसाथ अगाडि बढ्न सहमत भएका छन् । जिल्ला प्रशासन कार्यालय धनुषामा आइतबार भएको द्विपक्षीय छलफलपछि दुवै धर्मका अगुवा आपसी मतभेद र असहमति समाधान गर्न मिलेर अगाडि बढ्न सहमत भएका हुन् । जनकपुरधाममा केही समयदेखि बढिरहेको अविश्वासलाईविश्वासमापरिणत गर्दै वर्षौंदेखि चलिआएको सामाजिक सद्भाव, धार्मिक सहिष्णुता र एकता कायम गर्दै अगाडि बढ्न सबै पक्ष सहमत भएको प्रमुख जिल्ला अधिकारी काशीराज दाहालले जानकारी दिए । उनले विवाद समाधान र समन्वयका लागि पहल गर्न हिन्दू, मुस्लिम समुदायका अगुवा, स्थानीय तहका प्रमुख तथा सुरक्षा निकायका प्रतिनिधि रहने गरी एउटा समिति निर्माण गर्ने सहमति पनि भएको जानकारी दिए ।
‘रामनवमी (९चैत १६) का दिन जनकपुरधाममा भएको विवाद र त्यसपछि उत्पन्न अविश्वासलाई समाधान गर्न आयोजित छलफलमा दुवै पक्षका अगुवा तथा सरोकारवालाले अब उपरान्त सामाजिक सद्भावमा खलल पुऱ्याउने गतिविधि नगर्ने सहमति दुवै पक्षले गर्नुभएको छ,’ प्रमुख जिल्ला अधिकारी दाहालले भन्नुभयो, ‘त्यस समितिले विगतका विवाद र आगामी दिनमा मिलेर अगाडि बढ्न र कुनै पनि समस्या देखिएमा तत्काल संवादको माध्यमबाट समाधान गर्ने भूमिका खेल्ने छ । जसले जनकपुरधाममा हुने कुनै पनि धार्मिक गतिविधि, त्यसले एकअर्का धर्मावलम्बी र समाजमा पर्ने प्रभावका बारेमा अध्ययन र छलफलको माध्यमबाट निष्कर्ष दिन योगदान पुऱ्याउने अपेक्षा छ ।’
छलफलमा जानकी मन्दिरका महन्त रामतपेश्वर दासले परापूर्वकालदेखि दुई धर्मकाबीच चलिआएको सद्भाव, सामुहिक भावना, एकता र सहिष्णुता संरक्षणका लागि दुवै पक्षले इमान्दारितापूर्वक भूमिका निर्वाह गर्न आग्रह गर्नुभयो । ‘म २०२३ सालदेखि जानकी मन्दिरमा शिष्य बनेर आउँदा र पछि मूल महन्थको रुपमा भूमिका निर्वाह गर्दै गर्दा दुवै धर्मावलम्बीमा आपसी प्रेम, सद्भाव र अदभूत एकता थियो, हरेक चाडपर्व दुवै पक्ष मिलेर मनाउने चलन थियो,’ महन्थ दासले भने, ‘एकै आगनमा मिलेर रमाउने, एकै ठाउँमा सद्भावका साथ आफ्ना सामाजिक संस्कार मनाउने चलन कमजोर हुँदा समाजमा अविश्वास पैदा भएको छ । यसलाई चिरेर फेरि पुरानै सहिष्णुता र सद्भाव कायम गर्न म सबै पक्षलाई आग्रह गर्दछु ।’
जनकपुरधामउपमहानगरपालिकाका पूर्वउपप्रमुख एवम् मुस्लिम धर्मावलम्बीका अगुवा मोहम्मद अस्गर अलीले जानकी मन्दिरले नै जनकपुरमा मुस्लिम धर्मावलम्बीलाई बसालेको स्मरण गर्दै मन्दिरले बसालेको सहरलाई दुबै पक्षले उजाड बन्नबाट रोक्नुपर्ने बताए । उनले हिन्दु मुस्लिम दुबै मिलेर यहाँका मठ, मन्दिर र मस्जिद निर्माण गर्न योगदान गरिरहेकामा पछिल्लो समय समस्या उत्पन्न भइरहेकोले त्यसको समीक्षा गरेर समाधानमा लाग्नुपर्ने बताउनुभयो । ‘हामी हिजोदेखि मिलेर बसेका हौं । एकअर्काप्रति आदर र सद्भाव छ । मुस्लिमहरुलाई त जानकी मन्दिरले नै बसालेको विगत छ । दुवै धर्मका हरेक गतिविधिमा हामी जोडिन्छौं । जानकी मन्दिरसँगै मस्जित छ । मन्दिरको प्राङ्गणमा हामीलाई बोलाएर खेल्न लगाउने र सम्मान गर्ने परम्परा थियो । पछिल्लो समय दुबै पक्षबाट भएका कमजोरीले समस्याको रुप लिँदै छन् । त्यसको समाधानमा लागौं, यसैमा हामी सबैको हित छ,’ उनले भने । छलफलमा जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साहले आपसी विवाद र असमझदारीले दुवै धर्म तथा जनकपुरधाम क्षेत्रको प्रतिष्ठामा असर पुऱ्याइरहेकाले सामाजिक सद्भाव खलबल्याउने गतिविधि नगर्न आग्रह गरे । उनले गलत व्यक्ति र गलत क्रियाकलापलाई लिएर सिङ्गो धर्मकै मान्छेहरु धार्मिक सहिष्णुतामा खलल पुऱ्याउने गरी ध्रुबीकृत हुनु दुःखद् भएको भन्दै सचेत रहनुपर्ने बताए । त्यसैगरी जिल्ला प्रहरी कार्यालय धनुषाका प्रमुख प्रहरी उपरीक्षक विश्वराज खड्काले राम नवमीको दिन हिन्दू युवाहरुले निकालेको ऱ्यालीका क्रममा उत्पन्न विवादलाई धार्मिक, साम्प्रदायिक रङ्ग दिने गरी सामाजिक सञ्जालले भूमिका खेलकाले त्यस्तो गतिविधिमा लाग्नेको निगरानी भइरहेको बताए । उनले धर्म, संस्कृति, परम्परा तथा धर्मनिरपेक्षताको मर्मअनुसार व्यवहार हुन जरुरी रहेको भन्दै त्यसमा सहयोगका लागि सबैलाई आग्रह गर्नुभयो । ‘रामनवमीका दिन र त्यसपछि भएका घटनाको हामीले सुक्ष्म अध्ययन गरिरहेका छौं । अहिले उत्पन्न अविश्वासलाई मध्यनजर गर्दै प्रहरीले संयमता अपनाइरहेको छ। म अपिल गर्न चाहन्छु यहाँहरु त्यस्ता गतिविधिमा नलाग्नुस्, कोही लागिरहेको छ भने सचेत गराउनुस् अन्यथा प्रहरी प्रशासनले कानुनी बाटो लिनुपर्ने हुन्छ,’ प्रहरी उपरीक्षक खड्काको भनाइ थियो । दुवै धर्मका अगुवाहरुले रामनवमीको दिन हिन्दू सम्राट सेनाले निकालेको ऱ्याली मस्जिदको क्षेत्रमा पुग्दा दुवै समुदायबीच उत्पन्न समस्याले सामाजिक सदभाव तथा शान्तिसुरक्षामा खलल पुग्ने चिन्ता बढेको र विगतमा पनि संयमता नअपनाउँदा सामान्य घटनाले साप्रदायिक रुप लिएको तर्फ सचेत गराउँदै जिम्मेवार भएर प्रस्तुत हुन सबैमा अपिल गरेका छन् ।
उनीहरु आगामी दिनमा धार्मिक क्रियाकलाप गर्दा अनिवार्य रुपमा जिल्ला प्रशासन कार्यालय, नजिकको सुरक्षा निकाय र स्थानीय तहलाई जानकारी गराउन तथा त्यस्ता क्रियाकलाप गर्दा सामाजिक सद्भाव कायम राख्न आआफ्नोतर्फबाट योगदान दिनसमेत तयार भएका छन् ।

# फेरि उकालो लाग्दै कोरोना र डेंगी

समृद्धा केसी



नेपाल कोरोना भाइरस संक्रमण र डेंगीका बिरामीको संख्या फेरि उकालो लाग्दैछ।
एक सातायता कोरोना संक्रमितको संख्या बढ्न थालेको हो। १३ चैतमा एक हजार २६६ जनाको स्वाव परीक्षण गर्दा ६९ जनामा संक्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ।
त्यसैगरि १४ चैतमा एक हजार ४२९ जनाको स्वाव परीक्षण गर्दा २४ जनामा संक्रमण पुष्टि भयो। चैत १५ गते एक हजार ३३० जनाको स्वाव परीक्षण गर्दा ३४, १६ चैतमा ९ सय १५ को स्वाब परीक्षण गर्दा ४२, १७ चैतमा एक हजार ७९ जनाको स्वाव परीक्षण गर्दा संक्रमितको संख्या ह्वातै बढेर १४२ मा पुगेको थियो।
चैत १८ गते ६ सय ५३ जनामा कोरोना परीक्षण गर्दा ३८ जनामा संक्रमण पुष्टि भयो। १९ चैतमा सात सय १ जनामा परीक्षण गर्दा थप ३८ जनामा कोरोना भाइरस पुष्टि भएको मन्त्रालयले जनाएको छ।
हाल देशभर सक्रिय संक्रमितको संख्या एक सय ९४ रहेको छ। संक्रमितको संख्या बढ्दै गए पनि मृतकको संख्या शून्य रहेको छ।
भारतमा कोभिड संक्रमितको संख्या बढ्दै गएको छ। नेपालमा पनि बिरामीको संख्या बढ्दै गइरहको स्वास्थ्य मन्त्रालयका सह-प्रवक्ता डा.समीरकुमार अधिकारीले बताए।
शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल टेकुका सरुवा रोग डा. शेरबहादुर पुनका अनुसार पछिल्लो समय अस्पतालमा कोरोनाका बिरामी पनि आइरहेका छन्।
भारतमा ओमिक्रोनका प्रजाति मिलेर बनेको नयाँ हाइब्रेट एक्सबीबी १.१६ तीव्रगतिमा बढिरहेकाले त्यसको असर नेपालमा पनि देखिएको डा. पुनले बताए । भारतमा देखिएको ‘एक्सबीबी १.१६’ ओमिक्रोन उपप्रजातिको हाइब्रेट रहेको उनले बताए। सायदै नेपालमा पनि ओमिक्रोनका विभिन्न उपप्रजाति मिलेर नयाँ हाइब्रेट फैलिएको हुन सक्ने उनको आकंलन छ।
‘कोरोना फैलिएका सुरुवाती दिन जस्तो अहिले आत्तिहाल्नुपर्ने अवस्था छैन’, उनी भन्छन्, ‘पहिले खोप थिएन, खोप आएपछि लगाउने पनि कम थिए। तर अहिले पूर्णमात्रा खोप लगाउने झन्डै ९५ प्रतिशत पुगिसकेकाले आत्तिहाल्नु पर्दैन।’
टेकु अस्पतालमा केही जेष्ठ नागरिक भर्ना भएका छन्। उनीहरुमा जाडो हुने, जीउ दुख्ने, खोकी लाग्ने, ढाड दुख्ने, स्वाद र गन्ध हराउने जस्ता लक्षण देखिएको डा. पुनले बताए।
कोरोना भाइरसको भेरिएन्ट ओमिक्रोन हुँदा बिरामीलाई बढी रुघाखोकी लाग्ने र घाँटी दुख्ने लक्षण बढी देखिन्थ्यो भने अहिले लक्षण केही परिर्वतन भएको उनले बताए।
‘पहिलो र दोस्रो लहरमा संक्रमितहरुमा स्वाद र गन्ध थाहा नपाउने समस्या बढी देखिएको थियो’, उनले भने, ‘तर ओमिक्रोनमा यो लक्षण देखिएन। अहिले फेरि धेरै बिरामीमा स्वाद र गन्ध थाहा नपाउने लक्षण फर्किएको छ। त्यसैले फेरि पुरानै अवस्था देखिन थालेको होकि भन्ने लागेको छ।’ त्यस्तै अहिले सिजनल फू पनि फैलिरहेकाले कोरोना संक्रमित घरमै बसेको देखिने उनले बताए। ‘अहिले कति संख्यामा संक्रमित थपिएभन्दा पनि कति भाइरस कति संक्रामक र कतिको मृत्यु भइरहेको छ भनेर खोज्न धैरै आवश्यक छ’, उनले भने।
फागुनयता तीन सयबढीमा डेंगी
नेपालमा यस वर्ष डेंगीले महामारीकै रुप लिएको थियो। स्वास्थ्य मन्त्रालयको तथ्यांकअनुसार गत साउनदेखि देखिन थालेको डेंगी २९ मंसिरसम्म ५३ हजार ९५१ जनामा पुष्टि भइसकेको छ। ६२ जनाको डेंगीका कारण मृत्यु भएको थियो। डेंगी एडिस जातिका (एजिप्टाई र अल्बोपिक्टस) पोथी लामखुट्टेको टोकाइबाट संक्रमण हुने भाइरल ज्वरोलाई मानिने डा पुनले बताए।
गर्मीसँगै पानी पार्न थालेपछि पुनः डेंगीका बिरामी फेला पर्न थालेको स्वास्थ्य सेवा विभाग इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका कीटजन्य रोग नियन्त्रण शाखा प्रमुख डा.गोकर्ण दाहालले जानकारी दिए।
‘फागुन अन्तिम सातायता देशभर ३ सय बढिमा डेंगी बिरामी फेलाद परेको रिर्पोटेट गरिएको छ’, उनले भने, ‘सबैभन्दा बढी दाचुलार्मा ५० जना र म्यादी पनि धेरै बिरामी भेटिएका थिए।
गत साउनबाट सुरु भएको डेंगीका बिरामी जाडो महिनामा कम भए पनि पुनः बढ्न थालेको उनी बताउँछन्। अहिले काठमाडौंका तीन जिल्लामा जम्मा ५० जना बिरामी रिर्पोट भएको उनले बताए।
के छ तयारी?
गत साउनदेखि कात्तिकसम्म तीव्रगतिमा फैलिएको डेंगी ७७ जिल्लामा फैलिएको थियो। धेरैले ज्यान गुमाएका कारण महाशाखाले त्यस्थतो अवस्था आउँन नदिन अहिलेदेखि नै तयारी गरेको डा. दाहालले बताए। ‘संक्रमण देखिन थालेपछि केही दिन पहिलामात्रै प्रदेश सरकार र स्वास्थ्य प्रमुखहरुसँग बसेर छलफल गरेर फैलिन नदिन रणनिति तयार गरेका छौं’, उनले भने।त्यस्तै डेंगी बिरामी रिर्पोट भएका पालिकाहरुलाई पत्राचार गरिसकेको समेत डा. दाहालले बताए।
‘डेंगीका कारण यसै वर्ष हामीले धेरैलाई गुमाउनु पऱ्यो। धेरै संक्रमित भएका कारण हामीले अहिले एउटामात्रै केश देखिए पनि सचेत हुन र सावधानी अपनाउन स्थानीय सरकारलाई पत्राचार गरेका छौं।’
त्यस्तै माहाशाखाले प्रधानमन्त्रीलाई १९ बुँदे ज्ञापनपत्र बुझाउँदा डेंगीलाई बढी प्राथमिकतामा राखेर कार्ययोजना बुझाएको डा. दाहाल बताउँछन्।
जेठ र असारमा बढ्नु पर्ने डेंगी अहिले नै देखिन थालेपछि मन्त्रायले स्थानीय सरकारलाई सावधानी अपनाउन निर्देशन दिएको सह-प्रवक्ता डा. समीर कुमार अधिकारीले जानकारी दिए । ‘अलिकबढी गर्मी भएपछि अर्थात जेठ असार तिर देखिनुपर्ने डेंगीका बिरामी अहिले नै बढ्दै गइरहका छन्’, उनले भने ‘पुरानो अण्डा बाँकी रहेकाले पानी परेपछि ती सक्रिय हुन थालेकाले बिरामी बढ्दै गइरहेका छन्।’डेंगी नियन्त्रणका लागि मन्त्रालयले तयारी गर्दै गरेको पनि उनले बताए। त्यस्तै भारतमा कोभिडका बिरामी देखिन थालेपछि सीमा नाकामा सर्भिलेन्स पनि बढाइरहेको डा. अधिकारीले जानकारी दिए । ‘ नाकाहरुमा संक्रमितको संख्या दैनिक बढ्दै गइरहेको छ’, उनले भने, ‘त्यसैले नाकामा परीक्षणको दायरा बढाइएको छ। पुष्टि भएका बिरामीलाई कुन अस्पताल लैजाने? के गर्ने भनेर निर्देशन दिएका छौं।’
‘नेपालमा अहिले नयाँ भेरियन्ट देखिएको छैन्। जिन सिक्वेन्सिङ गरिहका छौं। नयाँ भेरियन्ट देखिए हामी भन्छौं ।’ खुला सिमानाका कारण भारतबाट नेपाल आउँदा हुने संक्रमण निण्त्रण गर्न नाकामा कडाइ गर्न निर्देशन दिइसकेको मन्त्रालयले जनाएको छ ।

## ससुराको सिम्बोल नम्बर..............................

माध्यमिक विद्यालय जम्दह, नमुना माध्यमिक विद्यालय गोलजार-४ लगायतका परीक्षा केन्द्रमा पनि व्यापक चिट चोरी भएको पाइएको छ । यी सबै परीक्षा केन्द्रबाट परीक्षा सुरु भएको ५ मिनेट नबित्दै प्रश्नपत्र बाहिरिएको थियो । जनता मावि चोहर्वामा परीक्षा सुरु गरेको ५ मिनेटनमै मोबाइलका माध्यमबाट प्रश्नपत्र आउट भएको हुनसक्ने एक शिक्षकले बताए । उनले भने, ‘निजी विद्यालयले केन्द्राध्यक्षको सेटिङमा मोबाइल र फ्ल्यापसमेत चलाउने गरेकाले निजी विद्यालय भन्दा सामुदायिक विद्यालयका विद्यार्थी मारमा परेका छन् ।’प्रश्नपत्र आउट भएको सूचना पाएलगतै केन्द्राध्यक्षले परीक्षा हलभित्रै सर्च गरेपछि परीक्षार्थीबाट ४ वटाभन्दा बढी मोबाइल बरामद गरेका थिए । यता जिल्ला शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख रामवृक्ष महतोले मोबाइल र फ्ल्यापबारे जानकारी नआएको र यस विषयमा बुझ्ने प्रयास गरिरहेको बताए । उनले भने, ‘निरीक्षणका समयमा हामीले कुनै विद्यालयमा फ्ल्याप पाएनौं, पाइए कडा कारवाही गर्नेछौं ।’ ४० परीक्षा केन्द्रमा ८५ सामुदायिक र ८६ संस्थागत विद्यालयसहित एक सय ७१ विद्यालयबाट चार हजार ६ सय ९२ छात्रा र पाँच हजार चार सय ५८ छात्रसहित १० हजार ६ सय ५० विद्यार्थी सहभागी छन् । प्राविधिक धारतर्फ तीन सय ४९ विद्यार्थी १० परीक्षा केन्द्रबाट परीक्षा दिइरहेका छन् ।

# २६ जनाको मृत्यु, जनजीवन अस्तव्यस्त



अमेरिका । संयुक्त राज्य अमेरिकाका मध्यपश्चिम तथा दक्षिणी राज्यमा शृङ्खलाबद्ध रूपमा आएको आँधीमा परी २६ जनाको मृत्यु भएको छ भने कैयौँ घाइते भएका छन् । टेनेसीमा कम्तीमा नौ जनाले ज्यान गुमाएका छन् भने अर्कान्साासको सानो शहर वायनमा चार, इण्डियानाको सुलिभानमा तीन र इलिनोइमा चार जनाको मृत्यु भएको छ । अलाबामा र मिसिसिपीका केही स्थानीयको मृत्यु भएको छ । शुक्रबार र शनिबार आएको शक्तिशाली आँधीले ती राज्यका घरका छाना उडेका छन् । विद्यालय र गिर्जाघर ढलेका छन् । सर्वसाधारणका घरका पर्खाल भत्किएका छन् । रुखबिरुवा जरैदेखि ढलेका छन् भने मोटरकारहरू उत्तानो परेका छन् । विद्युत् आपूर्तिमा अवरोध भएको छ भने आँधीले निम्त्याएको अकल्पनीय क्षतिले जनजीवन अस्तव्यस्त भएको छ ।

अर्कान्सास, अलबामा, मिसिसिपी, इलिनोई, इन्डियाना, टेनेसीलगायत आठ राज्य आँधीको चपेटामा परेका छन् । इलिनोइमा दर्शकहरूले खचाखच भएको एउटा साङ्गीतिक कार्यक्रमस्थलको छत भत्किँदा एक जनाको मृत्यु भएको छ भने २८ जना घाइते भएका छन् । अधिकारीहरूका अनुसार इलिनोइको क्रफोर्ड काउन्टीमा थप तीन जनाको मृत्यु भएको छ । त्यहाँ एक सय परिवार विस्थापित भएका छन् । आँधी प्रभावित राज्यका पाँच लाख ९० हजारभन्दा बढी मानिस विद्युत्विहीन भएका छन् । ओक्लाहोमामा एक सयभन्दा बढी मानिस आँधीबाट प्रभावित भएका, कम्तीमा ३२ जना घाइते भएका तथा ४० भन्दा बढी घर ध्वस्त भएका अधिकारीहरूले बताएका छन् । शनिबार दिउँसोसम्म त्यहाँ दुई लाख घर र व्यवसाय बिजुलीविहीन भएका थिए । अमेरिकी सरकारको तूफान पूर्वानुमान केन्द्रले शुक्रबार र शनिबार धेरै राज्यमा ६० भन्दा बढी आँधीका घटना अभिलेख गरिएको बताएको छ । राष्ट्रिय मौसम सेवाले भारी मेघगर्जन र हुरीका साथ असिनापानी पर्ने पूर्वानुमान गरेको छ । पेन्सिल्भेनिया र न्युयोर्कका केही भागसहित पूर्वोत्तर क्षेत्रमा आँधी र असिनाको जोखिम रहेको भन्दै सेवाले सचेत रहन आग्रह गरेको छ ।

अर्कान्सास राज्यका गभर्नर साराह हकाबी स्यान्डर्सले राज्यमा आपत्कालीन अवस्थाको घोषणा गर्दै राष्ट्रिय सुरक्षाकर्मीलाई पुनःस्थापना तथा सहयताका प्रयासमा सक्रिय हुन निर्देशन दिएका छन् । उनले राष्ट्रपति जो बाइडेनसँग आँधीले गरेको विनाशबारे छलफल गरेका छन् । राष्ट्रपतिले आँधी प्रभावित क्षेत्रमा सङ्घीय सरकारले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेको उनले बताए । मिसिसिपीमा गत साता आएको आँधीमा परी २६ जनाको ज्यान गएको थियो । त्यहाँको सानो शहर रोलिङफार्क पूर्णरूपमा तहसनहस भएको थियो । करिब दुई हजार बासिन्दा रहेको त्यस स्थानको स्थलगत निरीक्षणमा पुग्नु भएका राष्ट्रपतिले आँधीबाट भएको जनधनको क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै शोक प्रकट गरेका थिए । निरपेक्ष गरिबीको रेखामुनि रहेका त्यहाँका करिब दुई हजार जनतालाई तत्काल सहायता परिचालन गर्न राष्ट्रपतिले सङ्घीय सरकारलाई आदेश दिएका थिए । अस्थायी आवास, घरमर्मत, बीमा नगरिएको सम्पत्तिको नोक्सानी क्षतिपूर्तिस्वरुप ऋण अनुदानलगायत सुविधा उपलब्ध गराउन उनले आदेश दिए ।

# कपाल देखाउने दुई महिला पक्राउ

इरान । पोशाकसम्बन्धी सरकारले जारी गरेका आदेशको उल्लङ्घन गरी सार्वजनिक रुपमा कपाल देखाएको अभियोगमा दुई महिलालाई पक्राउ गरिएको छ । यहाँको एक पसलमा दही किन्न गएका उनीहरूलाई एक जना पुरूष ग्राहकले हिजाब नलगाएइको भन्दै दहीले बारम्बार आक्रमण गरेका थिए । सार्वजनिक व्यवस्था बिगारेको आरोपमा ती आक्रमणकारीलाई पनि पक्राउ गरिएको न्यायपालिकाको मिजान समाचार समितिले जनाएको छ ।

इरानको न्यायपालिकाले ती महिलालाई कपाल देखाएको आरोपमा हिरासतमा लिइएको बताएको छ । इरानमा महिलाले टाउको नढाक्नु गैरकानूनी मानिन्छ । यसअघि हिजाब अनिवार्य लगाउनुपर्ने कानुनी व्यवस्था अन्त्य हुनुपर्ने माग गर्दै देशमा महिनौँदेखि विरोधप्रदर्शन भइरेहका छन् । सार्वजनिक रूपमा हिजाब नलगाउनु इरानमा महिलाहरूका लागि गैरकानूनी भए पनि ठूला शहरहरूमा धेरैले हिजाब लगाउँदैनन् ।

कानुनप्रतिको क्रोध र निराशाले इरानी समाजमा असन्तुष्टि बढाएको छ । तेहरानको धार्मिक प्रहरीले नियमअनुसार हिजाब नलगाएको आरोपमा गत सेप्टेम्बरमा हिरासतमा लिइएकी २२ वर्षीया महसा अमिनीको मृत्यु भएपछि देशभर विरोध व्याप्त छ । हजारौँलाई पक्राउ गरिएको छ भने चार प्रदर्शनकारीलाई मृत्युदण्ड दिइएको छ । इरानी राष्ट्रपति इब्राहिम रायसीले इरानी महिलाहरूले हिजाबलाई धार्मिक आवश्यकताको रूपमा लिनुपर्ने भन्दै त्यसको पालना गर्न निर्देशन दिएका छन् । 'हिजाब कानुनी कुरा भएकाले त्यसको पालना गर्नु अनिवार्य छ,' उनले भनेका छन् ।

# 'लेडी ड्र्यागन'सँग डराउँछन् महिला रेस्लर

काठमाडौँ, १९ चैत ।



नेपालमा पनि टेलिभिजनमा रेस्लिङ खेल हेर्नेको जमात ठूलै छ । तर नेपाली महिला रेस्लरले पुरुष रेस्लरसँग खेलेको दृश्य भने कमै मात्र देख्न पाइन्छ । कतिपय त रेस्लिङका पारखीलाई पनि महिला र पुरुषका बीचमा पनि प्रतिस्पर्धा हुन्छ र भन्ने पनि लाग्दो हो ।

आफूलाई 'लेडी ड्र्यागन' नामले चिनाउने मुना श्रेष्ठ यस्तो रेस्लर हो- जो पुरुषसँगै खेल्निछन् । उनी महिला रेस्लरभन्दा पनि पुरुष रेस्लरसँग बढी प्रतियोगिता खेलिरहेकी छिन् ।

खोटाङको दिक्तेलमा जन्मेकी यी नेपाली रेस्लरको प्रतिस्पर्धा नेपालमा मात्र सीमित छैन, विभिन्न देशमा खेलेर अन्तर्राष्ट्रिय अवार्ड पनि हात पारेकी छिन् । 'रेस्लिङ हेर्दा थोरै वास्तविकता धेरै नाटक भन्ने आम मानिसलाई लाग्न सक्छ तर मैले खेल्ने रेस्लिङ मनोरञ्जन नभई पूरै वास्तविकता हुन्छ,' नेपाली रेस्लर मुना भन्छिन् । महिलाले महिलासँग खेल्ने खेलाडी त धेरै छन् तर हाम्रो समाजमा महिलाले पनि पुरुषसरह खेल्न सक्छन् भन्ने उदाहरण दिनका लागि पनि आफूले पुरुष रेस्लरसँग खेल्ने गरेको उनी बताउँछिन् । त्यसो त उनसँग महिला खेल्न पनि मान्दैनन् ।

सन् २०१७ देखि खेल्न सुरु गरेकी मुनाले विशेषगरी तीन विधामा रेस्लिङ खेल्दै आएकी छिन् । यसमा हार्डकोर (साइन गरेर खेल्ने), फायर म्याच (आगोमा खेल्ने) र ब्लड म्याच छन् । यी तीनै खेल निकै कठिन हुने र ज्यानको बाजी राखेरै खेल्नुपर्ने उनको अनुभव छ । हाम्रो नेपाली समाजमा पुरुषभन्दा महिला केहीमा कम छैनन् भन्ने उदाहरणीय कामका लागि पनि पुरुष रेस्लरसँग बढी खेल्ने गरेको उनको भनाइ छ । उनीले खेल्ने हरेक खेल नाटकीय नभई यथार्थपरक हुने गरेको छ ।

उनले हार्डकोर, फायर म्याच र ब्लड म्याच विधाको खेलमा पुरुष रेस्लरसँगै खेल्दै आएकी छिन् । उनको अनुभव छ, 'कतिपय देशका महिला खेलाडी पनि उनीसँग खेल्न डराउँछन् । त्यसकारण पनि पुरुषसँग खेल्नुपर्ने हुन्छ ।' विशेषगरी रेस्लिङ मनोरञ्जनमुखी खेल भएका कारण हार्डकोर खेल्ने खेलाडीसँग खेल्न अन्य महिला रेस्लर रुचाउँदैनन् र सक्दैनन् पनि । हार्डकोर मनोरञ्जनभन्दा पनि वास्तविक हुन्छ र यो कठिन हुन्छ । यस खेल खेल्नुअघि पहिला नै खेलाडीलाई खेल दौरान रिङमा केही भइहाले वा ठूलै चोटपटक लागेमा खेलाडीको परिवारले खोज्न या विरोध गर्न पाउँदैन भनेर सुरुमै हस्ताक्षर गराएको हुन्छ । त्यसकारण पनि स्वदेशी तथा विदेशी महिला रेस्लरले उनीसँग खेल्न नमान्ने उनको भनाइ छ ।

'रिङमा कुटाकुट गरेको दृश्य देख्दा दर्शक जति उत्साहित हुँदै ताली पिट्छन् त्यति नै रिङमा आफूले जोखिम उठाउनुपर्ने हुन्छ, कहिलेकाहीँ त ज्यानै जाने सम्भावना पनि हुन्छ । यसकारण पनि महिला खेलाडी यस खेलमा त्यति उत्साहित छैनन्,' उनको अनुभव छ ।

कतिपय खेलमा त रगतको धारा बगेको र त्यो निको हुन महिनौँ लागेको अनुभव पनि उनीसँग छ । यसका बाबजुद पनि उन देशको नाम राख्न हरदिन मेहनत गर्छिन् । अन्तर्राष्ट्रिय प्रतिस्पर्धा भेट्टाएसम्म छोडिदनन् । सन् २०१७ मा आफूले रेस्लिङ सुरु गरे पनि विभिन्न प्राविधिक समस्याले अगाडि बढ्न नसकेको उनी बताउँछिन् । कतिपय आफ्नै मान्छेले आफ्नो भावना र गतिअनुरुप खेललाई अघि बढ्न नदिएको उनीले सुनाइन् ।

धेरै बाधा अड्चनका बाबजुद रेस्लिङलाई नै अगाडि बढाउँछु भन्ने दृढ विश्वासका साथ उनले सन् २०१९ मा आफ्नै नाममा युडब्लुइ (अल्टिमेट रेस्लिङ इन्टरटेन्मेन्ट) कम्पनी खोलेर रेस्लिङलाई निरन्तरता दिइन् । हाल उनको कम्पनीमा १९ महिला रेस्लर छन् । यसै कम्पनीबाट पछिल्लोपटक उनले भारतमा यसै महिना सम्पन्न अन्तर र्राष्ट्रिय रेस्लिङ च्याम्पियनसीपमा भारतीय खेलाडीलाई पछि पार्दै उपाधि जितिन् । त्यसअघि उनले सन् २०१९ मा नेपालमा भएको एसियन अन्तर्राष्ट्रिय महिला रेस्लिङ च्याम्पियनसीपमा भारतीय खेलाडीलाई पराजित गर्दै उपाधि हासिल गरेकी थिइन् । त्यस्तै उनले सन् २०२१ मा पाकिस्तानले आयाजना गरेको वर्ल्ड हेब्बीवेट रेस्लिङ च्याम्पियनसीपमा उपाधि जितिन् ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रेस्लिङ च्याम्पियनसीपमा उनले हालसम्म २७ वटा प्रतियोगितामा भाग लिएकी छन् । त्यसमध्ये नौवटा अन्तर्राष्ट्रिय च्याम्पियनसीपमा सहभागिता जनाइन् । सत्ताइस खेलमध्ये दुई-तीनवटा च्याम्पियनसीपबाहेक सबै खेलमा पुरुष रेस्लरसँग खेलेको उनको भनाइ छ । 'आफूभन्दा धेरै उचाइ र तौल भएको पुरुष खेलाडीसँग खेल्न गाह्रो नै हुन्छ । शरीरका जुनसुकै भागमा पनि प्रहार गर्न सक्छन् । कतिपय खेलमा त दुई मिनेटसम्म बेहोस भएको स्थिति पनि छ तर दर्शकको हुटिङले गर्दा उठेर त्यस खेलाडीलाई पराजित पनि गरेको छु,' उनी स्मरण गर्छिन्। 'खेल खेल्दा महिला पुरुष भन्ने हुँदैन छातीमा बुटले पनि हानिराखेका हुन्छन् र आफूले पनि प्रहार गरिराखेको भएर खेल खेल्दा यो महिला त्यो पुरुष भन्ने फिल हुँदैन,' उनी भन्छिन् ।

यही चैतमा भारतमा भएको च्याम्पियसीपमा चार दिनसम्म अस्पतालमा बस्नुपरेको थियो । खेल दौरान भारतीय खेलाडीले टयुबलाइटले प्रहार गर्दा भोलिपल्ट ७ बजेसम्म रगत रोकिएको थिएन । खेलका क्रममा शरीरमा धेरै चोटपटक लागे पनि आफू यसैमा रमाउने भन्दै अबको छ-सात वर्षसम्म रेस्लिङलाई नै निरन्तरता दिने उनी बताउँछिन् । बाबा-आमाकी कान्छी सन्तान उनले नेपाली रेस्लर बन्ने प्रेरणा भने आफ्ना बुबाबाट प्राप्त भएको बताइन् । बच्चैदेखि खेल क्षेत्रमा अग्रसर रहने उनी विद्यालयमा दौड, हाइजम्पलगायत खेल्ने गर्थिन् । देशमा माओवादी द्वन्द्व सुरु भएपश्चात उनी पनि भूमिगत भइन् । त्यतिबेला समय र परिस्थितिका कारण घर छाड्न बाध्य भएको उनको भनाइ छ । भूमिगत भएपछि उनका सङ्घर्षका दिनहरू सुरु हुन थाले र माओवादी लडाकु बन्दै जनयुद्धको बेलामा कैयौँ भिडन्तमा ज्यान जोगाउन मुस्किल परेको उनी सम्झन्छिन् ।

दुईवटा बच्चाकी आमा उनका सङ्घर्षका दिनहरू निकै कठिन छन् । कतिपय अवस्थामा घरमै शारीरिक र मानसिकलगायतका यातना भोग्न बाध्य भएकी उनले बुवाआमाको इज्जतका लागि पनि अनेक खालका हिंसा सहेर बसेको सुनाइन् । जीविकोपार्जनका लागि श्रम गर्न खोज्दाका अप्ठेरा पनि अनेक छन् उनीसँग । यी अनेक चुनौतीका बाबजुद पनि सङ्घर्ष गरेर आफ्नो देशको नाममा, देशको प्रतिनिधित्व गरेर अन्तर्राष्ट्रिय प्रतिस्पर्धा जित्न सक्ने एक खेलाडीका रूपमा आफूलाई स्थापित गर्न सकेकामा उनी खुसी छिन् । आफूलाई बलियो बनाएर समाज र देशका लागि केही गर्छु भनेर रेस्लिङ क्षेत्रमा लागेकाले आज आफ्नो र देशको नाम राख्न सकेको उनको भनाइ छ । खेल क्षेत्रको माध्यमबाट विदेशमा देशको नाम चिनाउन पाउँदा आफूलाई गर्व महसुस हुने र आफूले विगतमा सहेखपेका अनेक हिंसा र अप्ठेराहरू बिर्सने गरेको उनी बताउँछिन् । युडब्लुइ (अल्टिमेट रेस्लिङ इटरटेनमेन्ट)को आयोजनामा चैत २४ गते रेस्लिङअन्तर्गतको फायर म्याच पनि हुँदैछ । प्रतियोगितामा नेपाल र भारतको सहभागिता रहने जानकारी उनले दिइन् । म्याचको अन्तिम तयारीमा जुटेकी मुनाले खेलका लागि विदेशी खेलाडीहरू आउने क्रम सुरु भएको जानकारी दिइन् ।

# लुम्बिनीमा हाफ म्याराथन प्रतियोगिता हुँदै

लुम्बिनी, १९ चैत ।

अन्तर्राष्ट्रिय खेलकुद दिवसको अवसरमा 'शान्ति र समृद्धिका लागि खेलकुद' भन्ने मूल नारासहित यही चैत २३ गते बुद्ध जन्मस्थल लुम्बिनीमा पुरुष तथा महिला खुला हाफ म्याराथन प्रतियोगिता आयोजना गरिने भएको छ । मदन भण्डारी स्पोर्टस् एकेडेमीद्वारा आयोजित प्रतियोगिताको पुरस्कार एक लाख ५० हजार रुपैयाा राशि छ । शान्ति भूमि लुम्बिनीमा २१ किलोमिटर हाफ म्याराथनको तयारी अन्तिम चरणमा पुगेको एकेडेमीका अध्यक्ष ध्रुव आचार्यले जानकारी दिए । लुम्बिनीको मायादेवी मन्दिर, शान्ति दीपलगायतका क्षेत्रलाई मध्यभागमा पारी २१ किमी परिक्रमा गरिने जनाइएको छ । प्रतियोगिताका विजेताले पुरुषतर्फ एक लाख ५० हजार र महिलातर्फ एक लाख ५१ हजार रुपैयाँ पुरस्कार राशि राखिएको उनले बताए । यसैगरी पुरुष तथा महिला दुवैतर्फका द्वितीयलाई ७५ हजार, तृतीय स्थानलाई ५० हजार, चौथो स्थानका लागि ३० हजार र पाँचौँ स्थानका लागि २० हजार रुपैयाँ नगद पुरस्कार व्यवस्था गरिएको छ । प्रतियोगितामा देशका जुनसुकै स्थानका कुनै पनि उमेर समूहका खेलाडीले खुलारूपमा प्रतिस्पर्धा गर्न पाउने कार्यक्रमका संयोजक मोहनबहादुर घलेले जानकारी दिए । म्याराथन प्रतियोगिताका लागि चैत २० गतेसम्म दर्ताको अन्तिम मिति रहेको छ भने चैत २२ गते स्वास्थ्य परीक्षण हुने छ । एकेडेमीले सोही दिन राष्ट्रिय भेलाको समेत आयोजना गर्ने भएको छ । भेलामा ७७ वटै जिल्लाका सबै स्थानीय तहबाट प्रतिनिधि सहभागी हुने जनाइएको छ । भेलामा विभिन्न खेल विधाका प्रदर्शन र विभिन्न कला, संस्कृति झल्कने नृत्य प्रस्तुत गरिने आयोजकले जानकारी दिएको छ ।

# सिरियाली सैन्यस्थलमा इजरायली आक्रमण



इजरायल । इजरायलले शनिबार मध्यरातपछि मध्य सिरियाली प्रान्त होम्समा रहेका सैन्य स्थलमा मिसाइल आक्रमण गरेको सरकारी टिभीले जनाएको छ ।

सिरियाली हवाई प्रतिरक्षा प्रणालीले इजरायली क्षेप्यास्त्रलाई लक्ष्य भेदनबाट रोकेको पनि टिभीले जनाएको छ । सरकार समर्थक शाम एफएम रेडियोले होम्सको पश्चिमी ग्रामीण इलाकामा रहेको सैनिक शिविरमा भएको आक्रमणमा चार सैनिक घाइते भएको बताएको छ । आक्रमणबाट केही भौतिक क्षति पनि भएको छ । यद्यपि त्यसको विवरण सार्वजनिक गरिएको छैन ।

बिहीबारदेखि सिरियाली सैन्य केन्द्रमा इजरायलले गरेको यो तेस्रो आक्रमण हो । इजरायलले केही समययता सिरियाली सेना र होम्समा रहेका इरान समर्थक समूहका सैन्य स्थलमा आक्रमण गर्दै आएको छ । तीन दिनअघि इजरायली आक्रमणमा परी इरानको शक्तिशाली रिभोलस्नरी गार्डस्का एक अधिकारी मारिएका थिए ।

# मधुशाला गोलीकाण्डः तीन मारिए



अमेरिका । संयुक्त राज्य अमेरिकाको मध्यपश्चिमी राज्य ओक्लाहोमास्थित एक मधुशालामा शनिबार राति भएको गोलीकाण्डमा तीन जनाको घटनास्थलमा मृत्यु भएको छ भने अन्य तीन जना घाइते भएका छन् । घाइतेमध्ये एक जनाको अवस्था गम्भीर रहेको प्रहरीले बताएको छ । शनिबार राति ९ बजेतिर ह्वीस्की ब्यारेलमा गोली चल्दा हताहति भएको जानकारी दिँदै ओक्लाहोमा प्रहरी विभागले गोली चलाएको आरोपमा एक जनालाई पक्राउ गरिएको बताएको छ । घटनाको छानबिन भइरहेको छ भने यो समाचार तयार पार्दासम्म थप विवरण प्राप्त भएको छैन ।

# अदालतको फैसलाविरुद्ध पुनरावेदन गर्दै गान्धी

भारत । गुजरातको एक अदालतबाट मानहानी मुद्दामा दोषी ठहरिएका भारतीय काङ्ग्रेसका नेता राहुल गान्धीले तल्लो न्यायलयको निर्णयविरुद्ध माथिल्लो अदालतमा पुनरावेदन गर्न भएका छन् ।

गुजरातको 'सेसन कोर्ट' ले नेता गान्धीलाई चैत ९ गते मानहानी मुद्दामा दोषी ठहर गर्दै दुई वर्षको जेल सजाय सुनाएको थियो । नेता गान्धीले सोमबार सेसन कोर्टको सजायविरुद्ध सोमबार पुनरावेदन गर्ने उनको पार्टीका वरिष्ठ नेताहरूले बताए । 'तल्लो अदालतको आदेशलाई चुनौती दिँदै भोलि सुरत अदालतमा अपील दायर गरिनेछ, राहुल गान्धी पनि त्यहाँ उपस्थित हुनुहुनेछ,' नेता गान्धीको कानुनी समूहका एक सदस्यले नाम सार्वजनिक नगर्न अनुरोध गर्दै पिटिआइसँग भने ।

उच्च अदालतमा पुनरावेदन गर्न अदालतले उनलाई अवसर दिँदै ३० दिनका लागि सजाय स्थगन गरेको थियो । मानहानी मुद्दामा दोषी ठहर गरेपछि लोकसभा सदस्य रहेका गान्धी विधायकका निम्ति अयोग्य घोषित हुँदै पदमुक्त भएका थिए । ५२ वर्षीय गान्धीलाई भारतीय दण्ड संहिता (आइपिसी) धारा ४९९ र ५०० अन्तर्गत अदालतले दोषी ठहर गरेको थियो ।

विपक्षी दलका नेता गान्धीले प्रधानमन्त्री नरेन्द्र मोदीको थरका बारेमा गरेको टिप्पणीले समस्त मोदी थर भएकाको मानहानी भएको ठहर अदालतले आदेश गरेको हो । सन् २०१९ मा कर्नाटक राज्यको कोलारमा आयोजित चुनावी सभामा नेता गान्धीले 'चोर मोदीहरू' भनेका थिए । उनले भगौडा व्यापारी नीरब मोदी र ललित मोदीलाई लक्ष्य गर्दै त्यसो भनेका थिए । नेता गान्धीको अभिव्यक्तिले मोदी थर भएका सबैको मानहानी भएको जिकिर गर्दै भारतीय जनता पार्टी (भाजपा)का विधायक एवम् गुजरात राज्यका पूर्वमन्त्री पूर्णेश मोदीले उनीविरुद्ध मुद्दा दायर गरेका थिए ।

# कांग्रेसले बारामा उपेन्द्रलाई सघाउने

मधेशदृष्टि
वीरगंज १९ चैत ।



नेपाली कांग्रेसले बारा निर्वाचन क्षेत्र नम्बर २ मा गठबन्धनका साझा उम्मेदवारका रूपमा जनता समाजवादी पार्टी (जसपा) का अध्यक्ष उपेन्द्र यादवलाई समर्थन गर्ने निर्णय गरेको छ।

आइतबार पार्टी केन्द्रीय कार्यालय सानेपामा बसेको केन्द्रीय कार्यसम्पादन समितिको बैठकले बारा निर्वाचन क्षेत्र नम्बर २ को उपचुनावमा सत्ता गठबन्धनको साझा उम्मेदवारका रूपमा जसपा अध्यक्ष यादवलाई समर्थन गर्ने निर्णय गरेको पार्टीका सहमहामन्त्री बद्रिप्रसाद पाण्डेले जानकारी दिए।

उनले २०७९ को चुनावभन्दा पहिला पार्टीको अनुशासनको कारबाहीमा परेका उपचुनाव हुने तीन क्षेत्रका नेताहरूलाई पुरानै क्रियाशील सदस्यताको निरन्तरता हुने गरी कारबाही फुकुवा गर्ने निर्णय भएको बताए। २०७९ को चुनाव बेलाको हकमा भने उपचुनावमा नेताहरूले खेलेको भूमिकालाई हेरेर पछि निर्णय लिइने बताए।

उनले भने, 'वैशाख १० गते हुने उपचुनावका लागि तनहुँ क्षेत्र नम्बर १ मा गोविन्द भट्टराई र चितवन २ मा जिल्लाका पूर्वसभापति जितनारायण श्रेष्ठ प्रस्तुत गरिसकेका छौं । बारामा भने हामीले साझा उम्मेदवार प्रस्तुत गर्ने गरी उपेन्द्र यादवलाई स्वीकार्ने निर्णय गरेका छौं ।'

# उद्योगी-व्यवसायीको समस्या समाधान गर्छौं: अग्रवाल




मधेशदृष्टि
वीरगंज, १९ चैत ।

वीरगंज उद्योग वाणिज्य संघका नवनिर्वाचित अध्यक्ष अनिल अग्रवाल तथा पदाधिकारीले आइतबार पदभार ग्रहण गरेका छन। शपथग्रहणसँगै संघका अध्यक्षसहित पदाधिकारीलाई कर्मचारीले संघको कार्यालय परिसरमा स्वागतसमेत गरे ।

संघका कर्मचारीद्वारा आयोजित स्वागत तथा सम्मान कार्यक्रममा अध्यक्ष अग्रवालले संघको क्रियाकलाप र सेवाग्राहीलाई दिइने सेवा अझ सशक्त ढंगबाट अघि बढाउन सचिवालयलाई निर्देशन दिए । उनले सचिवालयको भूमिका अत्यन्तै महत्वपूर्ण हुने भएकाले नवनिर्वाचित पदाधिकारी, कार्यसमिति सदस्यसँगको सम्बन्ध प्रगाढ बनाउन सबैको साझा दायित्व रहेको बताए ।

उनले उद्योग व्यापार, आयात निर्यात, कर भन्सार राजश्व, बैंक तथा वित्तीय संस्था लगायतका आर्थिक क्षेत्रसँग सम्बन्धित विषयसँग जोडिएका समस्या निराकरणमा नवनिर्वाचत पदाधिकारी तथा कार्यसमिति सदस्यको सक्रिय भूमिका रहने बताए । यसैगरी निवर्तमान अध्यक्ष डा.सुबोध कुमार गुप्ताले आफ्नो कार्यकालमा सघाउने सबै कर्मचारी र पदाधिकारीप्रति आभार प्रकट गरे ।

कार्यक्रममा संघका नवनिर्वाचित वरिष्ठ उपाध्यक्ष हरिप्रसाद गौतम, उपाध्यक्ष माधव राजपाल, कोषाध्यक्ष शिवजी प्रसाद कलवार, महासचिव आशिष लाठ, सचिव सुशान्त चाचान, प्रेमचन्द्र गोयल, सहकोषाध्यक्ष अनोज रुँगटा, सहसचिव निरज अग्रवाल र नरेश कुमार अग्रवाललाई संघका कर्मचारीले स्वागत गरेका थिए। कार्यक्रम सहजीकरण संघका प्रशासकीय अधिकृत मनोज उपाध्यायले गरेका थिए भने धन्यवाद ज्ञापन सुनिल कण्ठले गरेका थिए ।

# आइसिपीमा थन्कियो २ हजार बढी सवारी साधन

मधेशदृष्टि
वीरगंज, १९ चैत ।



मुलुकको प्रमुख भन्सार नाका एकीकृत जाँच चौकी (आइसिपी) मा लामो समयदेखि व्यवसायीले भन्सार पास गराएर नलैजाँदा २ हजार ३ सय ८० थान सवारी साधन अलपत्र थन्किएका छन् ।

बैंक तथा वित्तीय संस्थाले लगानी गर्न छाडेसँगै नेपालमा नयाँ सवारी साधन खरिद गर्ने उपभोक्ता घटेपछि आयातकर्ताले प्रतीतपत्र खोलेर ल्याएका सवारी साधन भन्सार पास नगर्दा आइसिपीमै थन्किएका हुन् ।

नेपाल इन्टरमोडल यातायात विकास समितिका अनुसार, आइसिपीमा ५ सय ६३ थान कार, ७५ थान जिप, ८ सय ७८ थान नयाँ ट्रकका चेसिस, ५७ थान बस, ४० फिट माथिका ट्रकका चेसिस ५ थान, ४० फिट तलका ट्रकका चेसिस ३ सय ९० थान थन्किएका छन् ।

नेपाल राष्ट्र बैंकको कडाइका कारण बैंक तथा वित्तीय संस्थाले सवारी साधन खरीदमा उपभोक्तालाई गर्दै आएको लगानी रोकेपछि व्यवसायीले तेस्रो मुलुक तथा भारतबाट एलसी खोलेर मगाएका सवारी साधन भन्सारमा थन्किएका हुन् ।

भन्सार आइपुगेका सवारी साधान राजस्व तिरेर लैजान पटकपटक व्यवसायीलाई भन्सारले आग्रह गरेको भए पनि उपभोक्ताले सवारी साधन खरिदमा रुची नदेखाउँदा समस्या भएको यातायात व्यवसायीले बताए । आयातकर्ताले समयमै भन्सार पास नगराउँदा एकातिर सवारी साधन अलपत्र भइ थन्किएका छन् भने अर्कातर्फ राज्यले प्राप्त गर्ने राजस्वसमेत नपाउँदा आइसिपी भन्सारको राजस्व असुली प्रभावित भएको छ ।

# अटो पल्टँदा बालकको मृत्यु

मधेशदृष्टि
वीरगंज, १९ चैत ।



वीरगंजको सीमावर्ती भारतको रक्सौलबाट बाराको गढीमाई दर्शनका लागि यात्रु लिएर जाँदौ गरेको स १ ह ७०८ नम्बरको अटो बाराको भलुहीमा दुर्घटना हुँदा ३ वर्षीय बालकको घटनास्थलमै मृत्यु भएको छ । घटनामा ६ जना घाइते भएका छन् । जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी उपरीक्षक होबिन्द्र बोगटीले गढीमाई दर्शनका लागि रक्सौलबाट यात्रु लिएर आएको अटो दुर्घटना हुँदा बालकको घटनास्थलमै मृत्यु भएको र ६ जना घाइते भएको जानकारी दिए । घाइतेहरुको एलएस न्युरो अस्पताल गण्डकमा उपचार भइरहेको छ ।

# यज्ञमा भएको विभेदबारे दलित आयोगको चासो

मधेशदृष्टि
वीरगंज, १९ चैत ।




वीरगंजको अलौमा सम्पन्न महायज्ञमा दलित समुदायलाई बस्न नदिएको घटनाबारे राष्ट्रिय दलित आयोगले चासो देखाएको छ । चैत ८ देखि १६ गतेसम्म चलेको महायज्ञमा दलितलाई समावेश नगराइएको विषयले देशव्यापी रुपमा चर्चा पाएपछि आयोगले चासो देखाएको हो ।

आइतबार वीरगंज आएका आयोगका सदस्य टुन्ज बराइलीले जिल्लाका सुरक्षा निकायका प्रमुखदेखि अलौका जनप्रतिनिधि एवम् स्थानीयसँग घटनाबारेमा जानकारी लिएका छन् । कुनै पनि सार्वजनिक समारोहमा दलितलाई वञ्चित गराउनु संविधानको उलंघन भएको बताउँदै बराइलीले घटनाको सत्यतथ्य पत्ता लगाई आगामी दिनमा यस्ता घटना दोहोरिन नदिन दबाब सृजनाका लागि वीरगंज आएको बताए ।

घटनामा सुरक्षा निकायदेखि अन्य सरोकारवालाको भूमिकाका सम्बन्धमा उनले प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मी, सशस्त्र प्रहरी उपरीक्षक सुमन थपलिया, जिल्ला प्रहरी कार्यालय पर्साका प्रमुख प्रहरी उपरीक्षक कोमल शाह, राष्ट्रिय अनुसन्धान पर्साका अधिकृत हेमन्त कुवँर लगायतसँग छलफल गरे । खुलेयाम विभेद भएको भनेर अलौका दलित समुदायले जिल्ला प्रशासन कार्यालय पर्सामा ज्ञापन पत्र दिएको बताउँदै प्रमुख जिल्ला अधिकारी रेग्मीले भने, 'संविधानले नै विभेदजन्य गतिविधि गर्न वर्जित गरेको अवस्थामा स्थानीयले गर्न हुँदैन भनेर हामीले कानुनी आधार देखाउनुका साथै पटकपटक छलफल गरेर सहमति गराउने प्रयास गर्‍यौं । महायज्ञ हुनुभन्दा अघिल्लो दिन उहाँहरु आफैं मिलेको भन्दै हामीलाई नै यज्ञमा बोलाउन निम्तो दिन आउनुभयो । हामीले केही गर्नै परेन ।'

आयोगका सदस्य बराइलीले आगामी दिनमा पनि जातकै आधारमा हुने विभेदजन्य घटनामा सहमति नगराई कानुनी प्रक्रियाका आधारमा कारवाही गर्न सुरक्षा निकायलाई निर्देशन दिए । बराइलीले आइतबार नै वीरगंज महानगरपालिका वडा नम्बर १७ अलौमै पुगेर त्यहाँका वडाअध्यक्ष सञ्जिव बहादुर क्षेत्री र स्थानीय दलित समुदायसँग पनि छलफल गरे ।

# नागरिकका उम्मेदवारमा अन्सारी



मधेशदृष्टि, वीरगंज, १९ चैत ।

नेपाल संघीय समाजवादी पार्टीका अध्यक्ष एवम् पूर्व गृहराज्यमन्त्री मोहम्मद रिजवान अन्सारी नागरिक उन्मुक्ति पार्टीबाट बारा २ को उम्मेदवार बन्ने भएका छन् ।

वैशाख १० गते हुने उपनिर्वाचनमा अन्सारीले नागरिक उन्मुक्ति पार्टीबाट उम्मेदवारी दिने भएका हुन् ।

बारा २ मा सत्ता गठबन्धनबाट जनता समाजवादी पार्टी (जसपा) बाट उपेन्द्र यादव, जनमत पार्टीबाट शिवचन्द्र कुशवाहा, राष्ट्रिय स्वतन्त्र पार्टीबाट रमेश खरेलले उम्मेदवारी दिने पक्का भइसकेको छ ।

नेपाल संघीय समाजवादी पार्टी र नागरिक उन्मुक्ति पार्टीबीच दुई बुँदे सहमतिसमेत भएको छ । कार्यदल बनाएर छिट्टै पार्टी एकता गर्ने सहमति पनि भएको नागरिक उन्मुक्ति पार्टीका प्रवक्ता दामोदर पण्डितले जानकारी दिए । पण्डितका अनुसार चितवन र तनहुँमा पनि नागरिक उन्मुक्ति पार्टीले उम्मेदवारी दिने भएको छ। चितवन २ मा राजेश अधिकारी र तनहुँ १ मा भीम सुनारलाई उम्मेदवार बनाउने निर्णय भएको प्रवक्ता पण्डितले जानकारी दिए ।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल